# अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

नेपाल बहु भाषिक, बहु धार्मिक एवम् बहु सांस्कृतिक मुलुक हो । यहाँ बोलिने विभिन्न भाषाहरु मध्ये ५० प्रतिशतभन्दा बढी मानिसहरुको मातृभाषा भएको नेपाली भाषा नेपालको राष्ट्रभाषा, सम्पर्क भाषा, माध्यम भाषा र सरकारी कामकाजको भाषा पनि हो । बहुभाषिक राष्ट्र नेपालमा नेपाली भाषाले विभिन्न भाषा भाषिका बिच सम्प्रेषणको साझा माध्यमको काम गरेको छ । यसै सन्दर्भमा सबैले स्तरीय मानक नेपाली भाषा लेख्न, पढ्न, खोज्न र प्रयोग गर्न एवम् यस्तो भाषिक अनेकताभित्र एकताको सूत्रलाई सुदृढीकरण गर्न राष्ट्रभाषाले सर्वोपरी महत्त्व राख्दछ । नेपालको संविधान २०१५ र २०१९ ले नै नेपाली भाषालाई स्पष्ट रूपमा राष्ट्रभाषाको मान्यता प्रदान गरेका थिए । त्यसै गरी प्रजातन्त्रको पुनस्थापना पश्चात् बनेको नेपाल अधिराज्यको संविधान २०४७ को भाग १ को धारा ६ (१) मा देव नागरी लिपिमा लेखिएको नेपाली भाषा नेपालको राष्ट्रभाषा हो, "नेपाल भाषा सरकारी कामकाजको भाषा हुने छ" (२०४७ : २) । यसैको धारा ६ (२) मा "नेपालका विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरु नेपालका राष्ट्रिय भाषाहरु हुन्" भन्ने करा उल्लेख गरिएको छ । नेपालको अन्तरिम संविधान २०६३ को भाग १ को धारा ५ (१) मा नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन भन्ने कुरा उल्लेख गरिएको छ भने यसैको धारा ५ (२) मा देव नागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ (२०६३ः २) र यसको धारा ५ (३) मा 'स्थानीय निकाय तथा कार्यालयमा मातृभाषाको प्रयोग गर्न कुनै बाधा पुर्‍याएको मानिने छैन" भन्ने कुरा उल्लेख गरिएको पाइन्छ । नेपालको संविधान २०७२ को भाग १ धारा ६ मा "नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन्" भन्ने कुरा उल्लेख छ । "देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने छ" भाग १, धारा ७, उपधारा १ अनि भाग १, धारा ८ उपधारा २ मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र १ बहु सङ्ख्यक जनताले बोल्ने एक वा एक भन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेशको कानुन बमोजिम सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने छ ।" भन्ने करा यसैमा उल्लेख छ । यसरी नेपाली भाषाले नेपालमा संवैधानिक मान्यताका साथसाथै जन सम्पर्कको माध्यम भाषा, शिक्षाको माध्यम

भाषा, सरकारी कामकाजको माध्यम भाषा, साहित्यको माध्यम भाषा र बहु सङ्ख्यक नेपालीहरुको मातृभाषाको रूपमा प्रयोग पाएको छ र यो दिन प्रतिदिन जीवन्त भाषाको लोकप्रिय हुँदै गएको पाइन्छ ।

भाषालाई सुव्यवस्थित, स्तरीय एवम् एकैरूपले प्रयोगमा ल्याउन कुनै पनि भाषा अन्तर्गत व्याकरण शिक्षणको आवश्यकता पर्दछ । त्यस्तै नेपाली भाषाको प्रयोगमा एकरूपता ल्याई कथ्य भाषा र लेख्य भाषा बिचको अन्तरलाई कम गरी स्तरीय मानक नेपाली सिक्न सिकाउन व्याकरणलाई विद्यालय तहदेखि नै प्रभावकारी रूपमा शिक्षण गर्नु पर्दछ । नेपाली भाषामा व्याकरण लेखनको पहिलो प्रयास व्याकरणबाट जे.ए. एटनद्वारा भएको पाइन्छ (बन्धु, २०५३ : ३०-३९) । त्यसपछि मात्र स्वदेशी विद्वानहरुबाट विभिन्न व्याकरणहरुको रचना भएको पाइन्छ । यसै सन्दर्भमा वि.सं. १९६९ मा पं. हेमराज पाण्डेको 'चन्द्रिका' व्याकरण प्रकाशित भएपछि यसले नेपाली भाषामा एकरूपता ल्याएको पाइन्छ । यसै व्याकरणलाई आधार मानी वि.सं. १९७७ मा सोमनाथ सिग्द्यालद्वारा लेखिएको 'मध्य चन्द्रिका व्याकरणले शैक्षिक व्याकरणको प्रयोजनलाई बढी सार्थक तुल्याउन सफल देखिन्छ भने त्यसपछि हालसम्म लेखिएका शैक्षिक व्याकरणहरु पनि यसैलाई आधार मानी लेखिँदै आएको पाइन्छ । नेपालको शैक्षिक इतिहासमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएपछि शिक्षा क्षेत्रमा आएको नयाँ परिवर्तन, विस्तारले पाठ्यक्रमले निर्दिष्ट व्याकरणका अंश तथा अभ्यासहरु निकै मात्रामा राखेको पाइन्छ । वास्तवमा भाषिक ज्ञान र सिपको लागि व्याकरण शिक्षणको अपरिहार्यता सर्व स्वीकार्य विषय हो । यस परिच्छेदमा पाठ्य निर्दिष्ट गरेका अपेक्षित उद्देश्यहरुलाई पुरा गराउनका लागि उपयुक्त शिक्षण विधिको प्रयोग गरी प्रभावकारी रूपले व्याकरण शिक्षण गर्नु अनिवार्य छ । यसै सन्दर्भमा कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुले व्याकरणिक कोटिको प्रयोग कसरी गर्दछन् त्यसको गहन अध्ययन, व्याख्या विश्लेषण गरिने छ । यस शोध अध्ययनमा मुख्य गरी कक्षा ७ मा अध्ययनरत विद्यार्थीको व्याकरणिक कोटिको प्रयोग क्षमताको बारेमा अध्ययन गरिने छ ।

## १.२ समस्या कथन

अनुसन्धान कार्यका सिलसिलामा समस्या भन्नाले अनुसन्धानको विषय वस्तु भन्ने बुझिन्छ । भाषिक प्रयोगमा एकरूपता लगाएर सबैलाई स्तरीय मानक भाषा सिकाउनका लागि व्याकरण शिक्षणको आवश्कयता पर्दछ । भाषालाई शिष्ट, स्तरीय, मानक, आधुनिक

रूपमा प्रयोग योग्य बनाउन ब्याकरण शिक्षणको आवश्यकता पर्दछ । उच्च तहको शैक्षिक गतिविधिको जग विद्यालय तह भएकाले विद्यालय तहको शिक्षाको माध्यम बनेको नेपाली भाषाको पृष्ठभूमि राम्रो बन्नु पर्दछ । राम्रो प्रतिफलको अपेक्षा गर्न समेत जगरूपी विद्यालयमा स्तरीय शिक्षा असल र गुणस्तरीय हुनु पर्दछ । तसर्थ उच्च स्तरीय बोध र अभिव्यक्ति क्षमताको विकास गर्नुका साथै भाषाको शुद्ध मानक रूपको प्रयोग गर्ने क्षमताको अभिवृद्धिका लागि पनि भाषामा व्याकरण शिक्षणको आवश्यकता परेको हो । यसका अतिरिक्त व्याकरण शिक्षणको मुख्य प्रयोजन विद्यार्थीहरुलाई आफ्ना भाषामा अन्तर निहित व्याकरण तत्त्वहरुको निरीक्षण गर्ने, परिष्कृत गर्ने तथा विश्लेषण गर्ने क्षमताको विकास गराउनु पनि हो (शर्मा र पौडेल, २०७०: १५३-१५४) । भाषा र व्याकरणको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । भाषा विना व्याकरणको अस्तित्व हुँदैन भने व्याकरण विना भाषा पनि हुँदेन ।

नेपालमा नेपाली भाषा विद्यालय स्तरदेखि विश्व विद्यालयको अनुसन्धान तहसम्म पठनपाठन हुने गर्दछ । नेपाली भाषाको शैक्षिक इतिहासलाई नियाल्दा शिक्षाप्रेमी प्रधान मन्त्री देव शमशेरद्वारा भएको पाइन्छ । उनले जयपृथ्वी बहादुर सिंहद्वारा लेखिएको ‘अक्षराङ्क शिक्षा’ नामक पुस्तकलाई आधारभूत पुस्तकको रूपमा राखेको पाइन्छ । यस पुस्तकमा समाविष्ट विषय वस्तुबाट भाषा पाठशाला साक्षरतामूलक उद्देश्यले खोलिएको कुरा स्पष्ट हुन्छ । त्यस पछि १९७० मा गोर्खा भाषा समितिले पाठ्य पुस्तकहरु प्रकाशित गर्न थाले पछि मात्र नेपालका प्राथमिक र माध्यमिक विद्यालयहरुमा नेपाली भाषाको पठनपाठन व्यवस्थित हुँदै गएको पाइन्छ । एस.एल.सी. बोर्डको स्थापना भएपछि नेपाली माध्यमबाट पठनपाठनको औपचारिक सुरुवात भएको पाइन्छ । उक्त बोर्डको पाठ्यक्रममा भर्नाकुलर, रचनापत्र र अतिरिक्त पत्र गरी जम्मा २०० पूर्णाङ्कको नेपाली लिन सकिने व्यवस्था भएबाट नेपाली भाषालाई निकै महत्त्व दिएको स्पष्ट हुन्छ (शर्मा र पौडेल, २०७०: १५-१६) । त्यसैगरी २००८ सालमा स्थापित ‘नेपाली शिक्षा परिषद्’, वि.सं. २०११ मा गठित ‘नेपाली राष्ट्रिय शिक्षा आयोग, २००९ सालमा स्थापित ‘नर्मल स्कुल’, २०१३ सालमा स्थापित ‘कलेज अफ एजुकेशन’, २०१६ सालमा स्थापित त्रिभुवन विश्व विद्याल, राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८, आदि संघसंस्था तथा आयोगले नेपाली भाषा भाषिक दक्षताका लागि सिकाइनुपर्ने, व्याकरण पनि भाषिक दक्षता र कुशलता विकासका लागि सहायक हुनुपर्ने र माध्यमिक तहसम्म व्याकरणका कोरा नियम सिकाउनभन्दा व्याकरणलाई भाषासँगै एकीकृत गरी

सिकाउन उपयुक्त हुन्छ भन्ने धारणा व्यक्त गरिएको पाइन्छ । यसरी व्याकरणसँग सम्बन्धित रहेर यस शोधमा ‘कक्षा सातमा अध्ययनरत विद्यार्थीको व्याकरणिक कोटिको प्रयोग’ शीर्षकमा केन्द्रित रहेर यो अध्ययन गरिएको छ ।

प्रस्तुत शोध निम्न लिखित समस्यामा आधारित रहेको छ :

(क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकणिक कोटि अनुसार लेखन क्षमता के-कस्तो छ ?

(ख) सामुदायिक र संस्थागत दुवै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमता कस्तो छ ?

(ग) लैङगिकताको आधारमा विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमता कस्तो छ?

## १.३ उद्देश्यहरु

प्रस्तुत शोधपत्रका उद्देश्यहरु निम्न लिखित रहेका छन् :

(क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटि अनुसार लेखन क्षमता पहिल्याउनु

(ख) सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटि प्रयोग क्षमताको तुलनात्मक अध्ययन गर्नु

(ग) लैङ्गिक आधारमा विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ सान्दर्भिकता र उपादेयता

भाषालाई स्तरीय, व्यवस्थित, शुद्ध र मानक बनाउनका लागि व्याकरण शिक्षण गर्नु अनिवार्य देखिन्छ । व्याकरणले कुनै पनि भाषालाई व्यवस्थित र दीर्घकालीन बनाउँछ । त्यसैले भाषा र व्याकरण बिना अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ भन्न सकिन्छ । सही ढङ्गबाट शिक्षण गर्न सकियो भने मात्र विद्यार्थी भाषामा दक्ष बन्न सकिन्छ । व्याकरणको प्रयोगात्मक तथा सैद्धान्तिक ज्ञान दिनका लागि, व्याकरण सम्बन्धी विविध पक्षको जानकारी हुन जरुरी देखिन्छ ।

यस अध्ययनले विद्यार्थीको व्याकरणिक कोटिको प्रयोग क्षमता कस्तो रहेको छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ । यस अध्ययनले कक्षा सातमा पढ्ने विद्यार्थीको व्याकरण कोटिको प्रयोग क्षमता अध्ययन गरी सोही अनुसार कार्यकलाप सञ्चालन गर्न सहयोग र सूचना दिने छ । व्याकरणात्मक कोटि क्षमताको पहिचान गरी निराकरणका उपायहरु प्रस्तुत गर्न यो अध्ययन मार्गदर्शक बन्ने छ । व्याकरणिक कोटिको प्रयोगको बारेमा त्यति अध्ययन नभएकाले प्रस्तुत अध्ययनको सान्दर्भिकता रहेको छ । पाठ्यक्रम, पाठ्य सामग्री निर्माण प्रक्रिया र पद्धिलाई समयसापेक्ष परिमार्जित गर्दै लैजाने तथा भाषिक क्षमता र व्याकरणिक प्रयोग सम्बन्धी अनुसन्धान गर्न चाहने अध्येताहरुलाई यो अध्ययनले विशेष सहयोग गर्ने छ । यसको सान्दर्भिकता निम्नानुसार उल्लेख गरिएको छ । जस्तैः

- व्याकरणिक कोटि प्रयोग सम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहने अध्येयतालाई आधार प्रदान हुनाले यो सान्दर्भिक छ ।
- सम्बन्धित कक्षाका विद्यार्थीहरुको व्याकरण कोटिको प्रयोग सम्बन्धी क्षमता पहिचान गर्नका लागि प्रस्तुत अध्ययनले सहयोग पुऱ्याउने छ ।
- भाषिक शुद्धता कायम गर्नका लागि यो सहयोगी हुने छ ।
- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको नेपाली व्याकरणिक कोटिको क्षमता थाहा पाउन ।
- लैङ्गिक आधारमा विद्यार्थीको व्याकरणात्मक कोटि क्षमताको भिन्नता थाहा पाउन,
- भावी अध्ययनका निम्ति आधार प्रदान गर्न ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि अध्ययनको क्षेत्र परिवेश आदि अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । शोध शीर्षकले अध्ययनको क्षेत्रलाई स्पष्ट पार्नुपर्छ । अध्ययनको क्षेत्र स्पष्ट किटान गर्न नसकेको अवस्थामा शोधपत्रमा के कति विषयको अध्ययन गर्ने र के कति विषयको अध्ययन गर्ने भनी उल्लेख गर्नु पर्दछ । अध्ययनको सीमा निर्धारण गर्नुपर्दछ । यसको सीमा निर्धारण नभएसम्म शोधार्थीका उद्देश्य पुरा हुन कठिन हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न स्रोत र लगानीका दृष्टिले पनि कठिनाई हुने हुँदा

अध्ययनको व्यापकता भनी गहिराईलाई  निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । त्यसकारण प्रस्तुत अध्ययनलाई निम्न लिखित सीमामा सीमाङ्कन गरिएको छ ।

(क) प्रस्तुत शोध अध्ययन कैलाली जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयमा मात्र सीमित रहेको छ,

(ख) कैलाली जिल्लाका कक्षा ७ का १० वटा विद्यालयका १०० जना छात्र छात्रामा अध्ययन सीमित रहेको छ,

(ग) प्रस्तुत अध्ययन कैलाली जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीको व्याकरणिक कोटिको प्रयोग क्षमताको अध्ययनमा सीमित रहेको छ,

(घ) अध्ययनको निष्कर्ष आफूले अध्ययनबाट प्राप्त गरेका तथ्याङ्कका आधारमा प्रस्तुत गरिएको छ ।

## अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

कुनै पनि कार्यका लागि अगाडि बढ्दा विगतका अनुभवको अनुसरण गरी पूर्वजले अवलम्बन गरेको बाटोमा हिँड्न सजिलो हुन्छ । विगतमा भएका कार्यको सम्पूर्ण जानकारी दिने र बाँकी कार्यहरुको अनुसन्धान गर्ने कार्य पूर्वकार्यको समीक्षाबाट गर्न सकिन्छ । प्रस्तुत शोधसँग सम्बन्धित विभिन्न विद्वानद्वारा प्रकाशित पुस्तकहरु तथा विद्यार्थीहरुका शोध कार्यहरु रहेका पाइन्छन् । तीमध्ये केही प्रमुख कृतिहरु र शोधकार्यहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## २.१ पूर्वकार्यकको समीक्षा

### २.१.१ सम्बद्ध पुस्तकको समीक्षा

प्रस्तुत शोधकार्य विभिन्न विद्वानहरुका पुस्तकको आधारमा तयार पारिएको छ । तीमध्ये केही प्रमुख विद्वान्हरुका पुस्तकहरुलाई निम्नानुसार समीक्षा गर्न सकिन्छ :

अधिकारी (२०६३) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पाठ्यपुस्तक अन्तर्गत भाषिक सीपका विभिन्न पक्षको चर्चा गर्ने क्रममा व्याकरण शिक्षणको चर्चा गरिएको छ । यस अन्तर्गत व्याकरणको महत्त्व, व्याकरण शिक्षणको आवश्यकता, व्याकरण शिक्षणका समस्याहरु, व्याकरण शिक्षणका विधि र कार्यकलापहरु आदि विषय समेटिएका छन् (अधिकारी, २०६३ : १५४-१६३) । उक्त पाठ्यपुस्तकबाट व्याकरण सम्बन्धी विभिन्न जानकारी पाइने यो पुस्तक यस प्रस्तुत शोधसँग सम्बन्धित र सान्दर्भिक रहेको देखिन्छ ।

लामिछाने (२०६५) द्वारा प्रकाशित *सामान्य र प्रायोगिक भाषाविज्ञान* नामक पुस्तक पनि एक महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको छ । उक्त पुस्तकमा व्याकरणका विभिन्न कोटि र पक्षका बारेमा चर्चा गरिएको छ (लामिछाने, २०६५ : १३३-१९७) । त्यसकारण यो पुस्तक यस शोधसँग सान्दर्भिक र उपयोगी रहेको छ ।

खतिवडा र अन्य (२०६८) द्वारा लिखित *साधारण नेपाली* नामक पाठय पुस्तक अन्तर्गत भाषिक सिपका विभिन्न पक्षको चर्चा गर्ने क्रममा व्याकरणिक कोटिको पनि चर्चा गरिएको पाइन्छ । यस अन्तर्गत व्याकरणिक कोटि लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव आदि पक्ष समेटिएका छन् (खतिवडा र अन्य, २०६८ : ७५-७६) । उक्त पाठय पुस्तकबाट व्याकरणिक कोटि सम्बन्धी विभिन्न जानकारी पाइने हुनाले यो पुस्तक प्रस्तुत शोधसाग सम्बन्धित र सान्दर्भिक रहेको देखिन्छ ।

पौडेल (२०७०) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तक पनि यस शोधसँग सम्बन्धित एक महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको छ । यस पुस्तकमा व्याकरणको परिचय, व्याकरण शिक्षणका समस्या र समाधानका उपाय, व्याकरण शिक्षणका प्रचलित विधि र तिनका उपयागिता, आधारभूत, माध्यमिक शिक्षा र उच्च शिक्षामा व्याकरण शिक्षणको औचित्य आदि कुराहरुको चर्चा गरिएको छ (पौडेल, २०७० : १२६-१३७) । उक्त पुस्तक व्याकरण शिक्षणका लागि आवश्यक सामग्री भएकाले यो शोधपत्रको सान्दर्भिक र उपयोगी पुस्तकका रूपमा रहेको छ ।

अधिकारी (२०७१) द्वारा प्रकाशित 'समसामयिक नेपाली व्याकरण' नामक पुस्तक पनि एक महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको छ । उक्त पुस्तक व्याकरण सम्बन्धी भएकाले पुस्तकमा व्याकरणका सम्पूर्ण कोटिका बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकमा व्याकरणिक कोटिहरु लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य आदिको बारेमा चर्चा गरिएको छ (अधिकारी, २०७१ : ७५-१७६) । त्यसकारण यो शोधकार्यका लागि उक्त पुस्तक सान्दर्भिक र उपयोगी मानिन्छ ।

शर्मा (२०७१) द्वारा लिखित 'प्रज्ञा नेपाली सन्दर्भ व्याकरण' नामक पुस्तक पनि एक महत्त्वपूर्ण सहयोगी सामग्रीका रूपमा रहेको छ । उक्त पुस्तकमा व्याकरणका कोटि र नेपाली भाषाको उत्पत्ति, विकास, वर्तमान स्थिति र प्रमुख विशेषताहरुको चर्चा गरिएको छ । उक्त पुस्तकमा व्याकरणका विभिन्न कोटिको चर्चा गर्ने क्रममा व्याकरणिक कोटिका सम्पूर्ण पक्षको बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकमा व्याकरणिक कोटिका विभिन्न पक्षको परिभाषा, प्रकार आदिका बारेमा चर्चा गरिएकाले यो शोधपत्रका लागि उक्त पुस्तक सान्दर्भिक र उपयोगी ठानिन्छ ।

यसरी माथि उल्लेखित विद्वान् र उनीहरुका पुस्तकका अलावा अन्य विभिन्न पुस्तकहरु पनि यस शोधसँग सम्बन्धित रहेका छन् । तर यहाँ सबैको समीक्षा गर्नु आवश्यक नदेखिएकाले केही प्रमुख विद्वान् र उनका पुस्तकको मात्र चर्चा  गरिएको छ । उक्त सबै पुस्तक र सम्बद्ध पक्षहरु प्रस्तुत शोधका महत्त्वपूर्ण आधार स्रोत रहेका छन् ।

### २.१.२ सम्बन्ध शोधको समीक्षा

प्रस्तुत शोधसँग शोधार्थीहरुले गरेका पूर्व कार्यहरुको चर्चा वा पुनरावलोकन गर्नु आवश्यक छ । ती मध्ये केही पूर्व शोधकार्यहरुको समीक्षा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

भट्टराई (२०४३) द्वारा 'प्रमाणपत्र तहमा अध्ययन गर्ने विद्यार्थीहरुको नेपाली व्याकरणिक कोटि सम्बन्धी त्रुटि विश्लेषण' शीर्षकमा एक शोधपत्र प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रका उद्देश्यमा व्याकरणिक कोटि सम्बन्धी मान्यता र सिद्धान्तको अध्ययन गर्नु, त्रुटि र क्षमताको सैद्धान्तिक चर्चा गर्नु, प्रमाण पत्र तहका विद्यार्थीहरुले गर्ने व्याकरणिक कोटिका त्रुटिहरु पत्ता लगाउनु, प्रमाण पत्र तहका विद्यार्थीहरुले प्रयोग गर्ने व्याकरणिक कोटि सम्बन्धी क्षमताको तुलनात्मक विश्लेषण गर्नु र त्रुटि निराकरणात्मक शिक्षण र यसका प्रमुख संरचनाको उल्लेख गर्नु रहेको पाइन्छ । व्याकरणिक कोटि अन्तर्गत लिङ्ग, वचन, पुरुष, कारक, काल, भाव, पक्ष र वाच्य सम्बन्धी ६४ ओटा प्रश्नहरु निर्माण गरी सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका लागि महेन्द्ररत्न क्याम्पस ताहाचलका मानविकी र शिक्षा शास्त्रका ५०-५० गरी जम्मा १०० जना विद्यार्थीहरुलाई नमुनाका रूपमा समावेश गरी उनीहरुका उत्तर पुस्तिकाहरुलाई परीक्षण गरी त्रुटिहरु केलाइएको पाइन्छ ।

सुवेदी (२०६०) द्वारा "कक्षा ९ मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरुको अध्ययन" शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधपत्रमा कक्षा ९ मा व्याकरण शिक्षण गर्दा उपयुक्त शिक्षण विधिको प्रयोग गर्न सकेको, शैक्षिक सामग्रीको अपूर्णता रहेको, कक्षागत कार्यकलाप प्रभावकारी हुन नसकेको, मूल्याङ्कन पक्ष कमजोर भएको जस्ता पक्ष औंल्याई ती-ती क्षेत्रमा सुधार गर्नुपर्ने कुरालाई स्पष्ट पारिएको छ । उक्त शोधमा क्षेत्रीय अध्ययन विधि र नमुना छनोट विधिको प्रयोग गरी सामाग्री सङ्कलन

गरिएको छ । व्याकरण शिक्षणले भाषिक शुद्धता कायम गर्ने, भाषालाई स्तरीय बनाउने भएकाले व्याकरण शिक्षण गर्दा आवश्यकता अनुसार परम्परागत र आधुनिक विधिको प्रयोग गर्नुपर्नै निष्कर्ष निकालिएको छ ।

आचार्य (२०६४) द्वारा "देवखुरीमा बोलिने थारु भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण" शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा नमुना छनोट र क्षेत्रीय अध्ययन विधि प्रयोग गरी सामग्रीको सङ्कलन गरिएको छ । उक्त अध्ययनमा देउखुरीमा थारू भाषिका र नेपाली भाषामा के कति समानता र असमानता रहेको छन् भनी निष्कर्ष निकाल्ने मुख्य उद्देश्य राखिएको पाइन्छ । उक्त शोधकार्यमा शोधकर्ताद्वारा स्वयम् संलग्न भई सामग्री सङ्कलन गरिएको छ र उक्त सामग्रीलाई वर्णनात्मक तथा व्यतिरेकी पद्धतिद्वारा विश्लेषण गरी थारु भाषिका र स्तरयि नेपाली भाषामा रहेका समानता र भिन्नता थाहा पाउनुका साथै थारु भाषी वक्तालाई स्तरीय नेपाली भाषाको बारेमा जानकारी दिइएको निष्कर्ष निकालिएको छ ।

खतिवडा (२०६४) द्वारा 'माध्यमिक तहको नेपाली पाठ्यक्रममा समावेश गरिएका व्याकरणात्मक अभ्यासहरुको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा पाठ्य पुस्तकमा रहेका व्याकरणात्मक विधाको अध्ययन तथा व्याकरण अभ्यासको विश्लेषण गर्ने उद्देश्य राखिएको छ । पुस्तकालयीय विधि प्रयोग गरिएको यस अध्ययनमा अभ्यासलाई व्याकरण केन्द्रित बनाउनुपर्ने, व्याकरण विधामा केन्द्रित भएर अध्ययन गरिएकाले व्याकरण शिक्षणको लागि उदाहरण दिन सहज र सुगम रहेको, प्रयोगात्मक भन्दा सैद्धान्तिक ज्ञानमा बढी जोड दिन खोजिएको निष्कर्ष निकालिएको छ । उक्त अध्ययन व्याकरण अभ्याससँग सम्बन्धित रहेको छ जुन माध्यमिक तहसँग सम्बन्धित रहेको छ । तह र कक्षा भिन्न भएता पनि उक्त अध्ययनले गर्न लागिएको शोधकार्यको लागि विषय वस्तु प्रदान गरी मार्ग प्रशस्त गर्ने देखिन्छ ।

अधिकारी (२०६६) द्वारा "कपिलवस्तु जिल्लामा बोलिने थारु भाषा र नेपाली भाषाको व्याकरण कोटिका आधारमा व्यतिरेकी अध्ययन" शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधमा नेपाली भाषा र कपिवलवस्तुका थारु भाषाका विचमा व्याकरिणक कोटिका लिङ्ग वचन, काल, पक्ष, आदर, विभक्ति, भाव, वाच्य, करण, अकरणका आधारमा व्यतिरेकी

विश्लेषण गरिएको छ । उक्त अध्ययनपत्रका आधारमा कपिलवस्तुका थारुभाषा र नेपाली भाषामा के कस्ता समानता र असमानता रहेको छ भनी निष्कर्ष निकाल्ने मुख्य उद्देश्य राखिएको छ । उक्त अध्ययनमा सामग्री सङ्कलन गर्नाका लागि नमुना छनोट र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । शोधकर्ता स्वयम् प्रत्यक्ष संलग्न भएर सामग्रीको सङ्कलन गरी व्यतिरेकी तथा वर्णनात्मक दुवै पद्धतिको प्रयोग गरेर थारु भाषा र नेपाली भाषाको व्याकरण कोटिको तुलनात्मक अध्ययन गर्दा उक्त भाषाहरुमा रहेका समानता र भिन्नताका आधारमा थारु भाषा नेपाली भाषा भन्दा भिन्न ध्वन्यात्मक प्रवृत्तिको रहेको र धेरै भाषिक भिन्नता रहेको निष्कर्ष निकालिएको छ ।

घिमिरे (२०६६) द्वारा 'कक्षा ९ मा नेपाली व्याकरण शिक्षण गर्दा अपनाइरहेका कार्यकलापहरुको विश्लेषणात्मक अध्ययन' गरेको पाइयो । यसको प्रमुख उद्देश्य कक्षा ९ मा नेपाली व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरुको विश्लेषणात्मक अध्ययन गर्नु, कक्षा ९ मा नेपाली व्याकरण शिक्षणलाई प्रभावकारी बनाउनु तथा व्याकरण शिक्षणमा देखिएका समस्याहरु पहिल्याउनु रहेको छ । यसमा सिन्धुपाल्चोक जिल्लामा ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयमा १० जना शिक्षकहरुसँग अध्ययन गरिएको पाइन्छ । यस शोधमा तालिम प्राप्त र अप्राप्त शिक्षकको कार्यकलापमा पाइने भिन्नता, सामुदायिक र संस्थागत विद्यालयका शिक्षकका कार्यकलाप गर्दा बनाउने शैक्षिक योजनाहरुलाई पनि समावेश गरिएको छ । निष्कर्षमा विद्यार्थीहरुको व्याकरण क्षमता सन्तोषजनक भए पनि सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयको व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलाप राम्रो रहेको देखाइएको छ ।

रोकाया (२०६७) द्वारा 'वझाङ्गी भाषिका र नेपाली भाषाका व्याकरण कोटिको तुलनात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । उक्त शोधमा शोधकर्ता आफैलाई सूचक मानी सामग्री सङ्कलन गरी सम्बन्धित भाषिक वक्ताबाट रुजु गरी प्रमाणित गराइएको छ । यो अध्ययन कार्यमा सामग्री सङ्कलनका रूपमा बझाङ्गका विभिन्न क्षेत्रलाई लिइएको छ । उक्त अध्ययनको मुख्य उद्देश्य नेपाली भाषा र बझाङ्गी भाषिकाको व्याकरणात्मक कोटि विच तुलना गर्नु रहेको छ । उक्त शोधकार्यमा नेपाली भाषा र बझाङ्गी भाषिकामा वाक्यात्मक

विचलन देखिए पनि व्याकरणात्मक व्यवस्थाका दृष्टिले विभेद नभएको निष्कर्ष निकालिएको छ ।

ढकाल (२०६८) द्वारा 'अछामी भाषिका र नेपाली भाषाका व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन' शोधकार्य गरिएको छ । उक्त अध्ययनमा अछामी भाषाको संक्षिप्त परिचय दिने, उक्त भाषिकाको विशेषता पहिल्याउने, अछामी भाषी विद्यार्थीहरुले नेपाली सिक्दा गर्ने त्रुटि पत्ता लगाउने मुख्य उद्देश्य राखिएको छ । उक्त शोधमा क्षेत्रीय अध्ययन विधि र नमुना छनोट विधिद्वारा सामग्रीको सङ्कलन गरिएको छ । उक्त शोधकार्यमा अछाम जिल्लाको मुली गा.वि.स.लाई सामग्री सङ्कलनमा क्षेत्रका रूपमा लिइएको छ । उक्त अध्ययनबाट अछामी भाषिका नेपाली भाषाभन्दा भिन्न ध्वन्यात्मक प्रवृत्तिहरु रहेको र सर्वनाम प्रयोगमा सामान्य भिन्नता रहेको निष्कर्ष निकालिएको छ ।

तिवारी (२०६९) द्वारा 'कक्षा एघारौंको सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासहरुको विश्लेषण' शीर्षकमा अध्ययन गरिएको पाइन्छ । कक्षा एघारको सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासहरुलाई पाठ्यक्रमको आधारमा, स्तरीयताका आधारमा, विधाका आधारमा, विविधताका आधारमा विश्लेषण गर्नु उद्देश्य रहेको छ । उक्त अध्ययन कक्षा एघारौंको 'सबैको नेपाली' पुस्तकमा रहेका व्याकरणात्मक अभ्यासको पाठ्यक्रम अनुरूप, विधा अनुरूपता र स्तरीयताका आधारमा अध्ययन गर्न केन्द्रित रहेको छ । समग्रमा केही सैद्धान्तिक ज्ञान र वस्तुगत प्रश्न थप्नु पर्ने कुरालाई छोडेर उक्त पुस्तक विविधताका आधारमा उपयुक्त छ भन्ने निष्कर्ष निकालिएको छ ।

कुँवर (२०७०) द्वारा 'व्यासी' भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटि विचको तुलनात्मक अध्ययन' शीर्षकमा शोध गरिएको छ । उक्त शोधमा व्यासी भाषी र नेपाली भाषाका व्याकरणात्मक कोटिका लिङ्ग, वचन, पुरुष, काल, पक्ष, आदर, विभक्ति, भाषा, वाच्य, करण र अकरणका आधारमा तुलना गर्ने उद्देश्य राखेको छ । उक्त अध्ययनमा प्रत्यक्ष नमुना र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । उक्त शोध कार्यमा स्वयम् शोधकर्ताद्वारा प्रत्यक्ष सङ्कलन भई सामग्री सङ्कलन गरेको र प्राप्त सामग्रीको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनबाट व्यासी भाषा र नेपाली भाषाका विचमा प्रशस्त भिन्नता रहेको निष्कर्ष निकालिएको छ ।

यसरी माथि उल्लिखित शोध समीक्षा बाहेक अन्य विभिन्न शोध समीक्षा पनि यस शोधसँग सम्बन्धित रहेका छन् । यहाँ सबैको समीक्षा गर्नु आवश्यक नदेखिएकाले शोधसँग सम्बन्धित केही महत्त्वपूर्ण  शोधलाई मात्र चर्चा गरिएको छ । उक्त सबै शोध प्रस्तुत शोधका लागि महत्त्वपूर्ण आधार स्रोतका रुपमा रहेका छन् । पूर्वकार्यका समीक्षा वा पुनरावलोकन कार्यले व्याकरणको परिभाषा, सैद्धान्तिक आधार प्रस्तुत गर्नु, समस्या पहिचान गरी समाधानको उपाय सुझाउनु, शोधसँग सम्बन्धित समस्याहरुलाई कम गर्न, सामग्री सङ्कलन र विश्लेषण गर्न, शोधको औचित्य पुरा गरी शोधको रूपरेखा तयार गर्न तथा निष्कर्षमा पुग्न महत्त्वपूर्ण सहयोग गरेको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

भाषा मानवीय विचार आदान प्रदानको माध्यम हो । भाषाको प्रयोग र विकास दुबै समाजबाट हुन्छ । कुनै पनि व्यक्ति वा समाजका विचार आफू समक्ष ल्याउने काम भाषाको भएकाले भाषा प्रयोग योग्य र स्तरीय हुनु आवश्यक छ । भाषालाई स्तरीय, मानक र प्रयोग योग्य बनाउने काम व्याकरणले गर्दछ । खास गरी शिष्ट प्रयोगका हिसाबले भाषामा हुने विशृङ्खलता वा विकृतिहरुलाई सुधार गरी स्तरीय भाषिक रूपको प्रयोग गर्ने सुझको विकास गर्न र सही र गलत प्रयोग छुट्ट्याउने सचेतताको विकास गरी निरीषण, पर्यवेक्षण, विश्लेषण र व्याख्या गर्न सक्ने सक्षमता हासिल गराउन व्याकरणलाई भाषाको अभिन्न अङ्गका रूपमा लिइन्छ (शर्मा र पौडेल, २०७० : ४१०-४११) । भाषालाई स्तरीय, शुद्ध र मानक बनाउने काम व्याकरणले मात्र गर्दछ । त्यसैले व्याकरणिक कोटिका आधारभूत तत्त्वहरु लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य र ध्रुवीयताका आधारमा व्याकरणको प्रयोग गर्न अति आवश्यक देखिन्छ ।

प्रस्तुत शोध विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोगसँग सम्बन्धित रहेकाले सैद्धान्तिक अवधारणा अन्तर्गत व्याकरण र व्याकरणिक कोटिका परिचय र अन्य विभिन्न शीर्षकमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

### २.२.१ व्याकरण

भाषा विचार सम्प्रेषणको माध्यम हो । यो खास किसिमको व्यवस्थामा आधारित हुन्छ । यसका आफ्नै व्यवस्थाहरु हुन्छन् जस मध्येको एक मुख्य व्यवस्था व्याकरण पनि हो । व्याकरण शब्दको निर्माण वि+आ+कृ (धातु) +ल्युट/अन प्रत्ययको योगबाट भएको देखिन्छ ।

भाषाको संरचना र प्रयोगको व्यवस्थित वर्णनलाई व्याकरण भन्दछन् । भाषाको संरचना निश्चित नियमबाट हुन्छ र यसको प्रयोग पनि निश्चित नियमबाट गरिन्छ । भाषाका यिनै नियमहरुलाई व्याकरणको नाम दिइन्छ (शर्मा, २०७१ : २५) । व्याकरण शुद्ध लेख्न र बोल्न सिकाउने विधा हो । यसलाई भाषाको संरचना र प्रयोगको व्यवस्थित वर्णनका रूपमा लिइन्छ । व्याकरणिक सुझ र व्यवहार तथा विशुद्ध प्रयोग अभ्यासहरुबाट नै व्याकरण सम्मत शुद्ध भाषाको प्रयोग गर्न सकिन्छ । त्यसैले भाषा शिक्षणका क्रममा व्याकरणलाई एक महत्त्वपूर्ण भाषिक विषय वस्तुका रूपमा ग्रहण गरेर शिक्षण गर्ने प्रचलन रहेको छ । व्याकरणको ज्ञान विना विद्यार्थीमा भाषाको शुद्ध प्रयोग (बोल्न र लेख्न) असम्भव हुन्छ । भाषिक अनुशासन कायम गर्न, भाषिक ज्ञानको उपयुक्त स्तरण र परिस्कार गर्न, भाषाको मानक रूप दिलाउन व्याकरणको महत्त्व रहेको हुन्छ (पौडेल, २०७१ : १३१-१३३) । व्याकरण भाषाको आन्तरिक संरचना सम्बन्धी तत्त्व हो र यसले भाषाका तिनै आन्तरिक संरचना र नियमहरुको व्याख्या एवम् विश्लेषण गर्छ । त्यसैले भाषाले व्याकरणलाई नभएर व्याकरणले भाषालाई पछ्याउँछ । यस परिप्रेक्ष्यमा व्याकरणलाई औपचारिक बौद्धिक विषयका रूपमा लिनु हुँदैन र प्रयोग प्रसङ्ग एवम् सम्प्रेषणात्मक उपयुक्तताका दृष्टिले ग्रहण गरी सोही अनुरूप सरल र सहज तरिकाले शिक्षण गरिनु पर्दछ (शर्मा र पौडेल, २०६८ : ४११) । वर्तमान आधारभूत नेपाली पाठ्यक्रममा भाषातत्त्व वा व्याकरण अन्तर्गत काल, शब्द वर्ग, पद सङ्गति, वाक्य परिवर्तन, शब्द निर्माण, कारक र विभक्ति, वर्ण विन्यास, लेख्य चिह्न, द्वित्व, धातु, शब्द, वाक्य, भाव, वाच्य, वाक्य संश्लेषण र विश्लेषण लगायत समावेश गरिएको छ ।

### २.२.२ व्याकरणको परिभाषा

हरेक भाषा शिक्षणमा व्याकरणका निकै महत्त्व हुन्छ । सबै भाषाको निश्चित नियम बद्ध व्याकरण हुन्छ । जस्तै प्रत्येक भाषामा वर्ण व्यवस्था, रूप व्यवस्था, वाक्य व्यवस्था र अर्थ व्यवस्था हुन्छ । भाषा भित्रका यी सबै व्यवस्थाहरु लिखित नियम बद्ध हुन्छन् । भाषा भित्रका यिनै नियम, अनुशासन र नियन्त्रणलाई व्याकरण भनिन्छ (शर्मा, २०७१ : २५) । व्याकरणले भाषालाई शुद्ध, स्तरीय र मानक रूपको प्रयोग गर्न अभिप्रेरित गर्दछ । भाषालाई समसामयिक बनाउनका लागि शब्दलाई अनुशासन गर्ने र व्यवस्थित प्रयोग गर्ने काम व्याकरणले गर्दछ (अधिकारी, २०७० : १७८) । व्याकरणको परिभाषा अन्तर्गत नेपाली बृहत्

शब्दकोश, विभिन्न व्याकरणहरु तथा विद्वान्हरुको प्रकट गरेका मतलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक ठानिन्छ ।

- नेपाली बहत् शब्दकोश (२०४० : १२४८) "कुनै भाषाका शब्द, शब्दका विभिन्न रूप, तिनका संरचना विधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरुको पारस्परिक सम्बन्ध पुऱ्याउनुका साथै शब्द, वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको निरूपण गर्ने शास्त्र, शब्द तथा वाक्य सम्बन्धी नियम र उदाहरणको सङ्कलन गर्ने शास्त्र" ।
- बालचन्द्र शर्माको नेपाली शब्दकोशमा (२०५० : ९८८) "कुनै भाषाका शब्द तिनका रूप, वाक्य आदिको शद्ध प्रयोग गर्ने नियमहरुको निरूपण गर्ने शास्त्र व्याकरण" ।
- नेपाल प्रज्ञा प्रतिष्ठान द्वारा निर्मित बृहत् नेपाली व्याकरण (२०३० : १०) "जुन शास्त्रमा विभिन्न वर्ण, शब्द रूप, शब्द भेद प्रकृति, प्रत्यय, धातु रूप, वाक्य, वाक्य भेद, कुन ठाउँमा कस्तो रूप प्रयोग गर्नुपर्छ आदि कुरालाई विस्तारपूर्वक वर्णन गरिएको हुन्छ त्यसलाई व्याकरण भन्दछन् ।"
- पुष्कर शमशेर ज.ब.रा को सजिलो व्याकरण (२०५०-१) मा " नेपाली व्यारकरण भनेको हामीलाई नेपाली कुरा शुद्ध गरी बोल्न र लेख्य सिकाउने शास्त्र हो ।"

उपयुक्त परिभाषाहरुका आधारमा समष्टिगत रूपमा व्याकरणलाई भाषाका अन्तर-निहित व्यवस्थाहरुको शुद्ध प्रयोग गर्ने सिकाउने शास्त्रको रूप लिन सकिन्छ । तसर्थ व्याकरणले कुनै पनि भाषाका वक्ताहरुलाई एउटै स्तरीय, शद्ध तथा मानक रूपको प्रयोग गर्ने सिकाउँछ भने व्याकरण शिक्षण अन्तर्गत भाषाका रूप देखि वाक्यात्मक तहसम्मका संरचनात्मक कुराहरुको व्यवस्थित अध्ययन गरिन्छ ।

### २.२.३ व्याकरणको क्षेत्र र एकाइहरु

#### (क) व्याकरणको क्षेत्र

व्याकरणको क्षेत्रलाई विभाग पनि भनिन्छ (शर्मा, २०७१: २७) । यसका क्षेत्र निम्न लिखित छन् :

१) स्वनिम : यस अन्तर्गत स्वनिम, तिनको उच्चारण, वर्गीकरण, तिनबाट रूप वा शब्द निर्माण, अक्षर, सन्धि, वर्ण विन्यास आदि पर्छन् ।

२.	शब्द - यस अन्तर्गत रूप र संरूप, शब्द र शब्दवर्ग, व्युत्पादन, र रूपायन आदि पर्दछन् । यसलाई शब्द विचार पनि भनिन्छ ।

३.	वाक्य- यस अन्तर्गत वाक्य र वाक्य रचना, यसका पद समूह वा पदावली, उप वाक्य आदि संरचक तत्त्व, वाक्यका प्रकार, पदक्रम, सङ्गति, कारक, विभक्ति आदि वाक्यीय युक्तिहरु, वाक्यान्तरण आदि पर्छन् ।

४.	अर्थ- यस अन्तर्गत कोशीय अर्थ, व्याकरणात्मक अर्थ, प्रकार्यात्मक अर्थ, पर्यायवाची, विपरातार्थी आदि आर्थी सम्बन्ध पर्छन् ।

**(ख)	व्याकरणका एकाइहरु**

रूपिम, शब्द, पदसमूह, उपवाक्य र वाक्यलाई व्याकरणका एकाइहरु भनिन्छ (शर्मा, २०७१, २८), जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

वाक्य

↑

उपवाक्य

↑

पदसमूह

↑

शब्द

↑

रूपिम

**(ग)	व्याकरणका प्रकार**

व्याकरणका विभिन्न प्रकारहरु छन् तापनि यसका मुख्य प्रकारमा निम्न लिखित तिन वटालाई लिइन्छ ।

१.	वर्णनात्मक व्याकरण : कुनै भाषाको कथ्य वा लेख्य वा दुबै रूप कस्तो छ भन्ने व्यवस्थित वर्णनात्मक व्याकरण भनिन्छ । यसमा भाषाको शुद्ध प्रयोग वा यो कस्तो हुनु पर्छ भन्ने उल्लेख हुँदैन ।

२.	तुलनात्मक व्याकरण : दुई वा दुई भन्दा बढी भाषाका रूपलाई दाँजेर समानता र भिन्नता देखाउने व्याकरणलाई तुलनात्मक व्यारण भनिन्छ ।

३. ऐतिहासिक व्याकरण : समय क्रममा व्याकरणिक नियममा भएका परिवर्तन तथा विकास दर्साउने व्याकरणलाई ऐतिहासिक व्याकरण भनिन्छ ।

व्याकरणका अन्य प्रकारहरु निम्न लिखित छन् :

१. परम्परित व्याकरण

२. आधुनिक व्याकरण

३. निर्देशनात्मक व्याकरण

४. सैद्धान्तिक व्याकरण

५. शैक्षिक व्याकरण

६. प्रस्तुत व्याकरण

७. सार्वभाषिक व्याकरण

### २.२.४ व्याकरण शिक्षणको परिचय

भाषाका विविध व्यवस्था मध्येको एउटा व्यवस्था व्याकरणको शिक्षणलाई व्याकरण शिक्षण भनिन्छ । व्याकरण शिक्षणमा कुनै पनि भाषाका नियम वा व्यवस्थाको शिक्षण गरिन्छ । परम्परागत दृष्टिमा व्याकरण नजानी भाषा जानिँदैन भन्ने मान्यता थियो भने आधुनिक सन्दर्भमा चाहिँ भाषा र व्याकरणलाई छुट्टा छुट्टै रूपमा नहेरी सँगसँगै राखेर शिक्षण गर्नुपर्ने मान्यता रहेको पाइन्छ (शर्मा, २०७१ : २५ -३०) । विद्यार्थीहरुले व्यक्त गरेको अभिव्यक्तिलाई व्याकरणका दृष्टिले ठिक वा बेठिक के छ भनी छुट्याउन सक्ने क्षमता विकासका लागि व्याकरण शिक्षण आवश्यक रहेको छ ।

शरीरमा नशाको महत्त्व भएझैँ भाषाको लागि व्याकरण शिक्षणको महत्त्व हुन्छ । व्याकरणिक सुझ र व्यवहार तथा विशुद्ध प्रयोग अभ्यासहरुबाट व्याकरण सम्मत शुद्ध भाषाको प्रयोग गर्न सकिन्छ । त्यसैले व्याकरणलाई पनि एक महत्त्वपूर्ण भाषिक विषय वस्तुका रूपमा ग्रहण गरेर शिक्षण गर्ने गराउने प्रचलन रहेको पाइन्छ (शर्मा र पौडेल, २०७० : ४१०-४११) । शिष्ट प्रयोगका हिसाबले भाषामा हुने विशृङ्खलित वा विकृतिहरुलाई सुधार गरी स्तरीय भाषिक रूपले प्रयोग गर्ने सुझको विकास गर्न र सही र गलत प्रयोग छुट्याउने सचेतताको विकास गरी निरीक्षण, पर्यवेक्षण, विश्लेषण र व्याख्या गर्न सक्ने सक्षमता हाँसिल गराउन व्याकरण शिक्षणलाई भाषा शिक्षणको अभिन्न अङ्गका रूपमा

लिइन्छ । व्याकरण  शिक्षण कुनै पनि भाषा सिक्ने वा सिकाउने प्रक्रिया तथा पद्धति हो । व्याकरण शिक्षण भाषालाई व्यवस्थित गर्ने प्रक्रिया हो । यसलाई भाषाका वर्ण, रूप, शब्द र वाक्यमा अन्तर- निहित व्यवस्थाका रूपमा व्याख्या गर्न सकिन्छ ।

### २.२.५ व्याकरण शिक्षणको आवश्यकता र महत्त्व

भाषाका विविध व्यवस्था मध्येको एउटा व्यवस्था व्याकरणको शिक्षणलाई लिइन्छ । व्याकरण शिक्षणका कुनै पनि भाषाका नियम वा व्यवस्थाको शिक्षण गरिन्छ । नेपाली भाषाको सन्दर्भमा नेपाली भाषाका व्याकरणिक व्यवस्थाको शिक्षण गर्नु नेपाली व्याकरण हो । (ढकाल, २०७१ : ३३०-३३२) । भाषा सिकाइका क्रममा विद्यार्थीहरुले विभिन्न प्रकृतिका त्रुटिहरु गर्दछन् । त्यस्ता त्रुटिहरुको निवारणका लागि व्याकरण शिक्षणको आवश्कयता पर्दछ । भाषा प्रयोगमा रहेका अपूर्णता एवम् त्रुटि सच्याई पूर्ण र त्रुटि रहित भाषा सिकाउन व्याकरण शिक्षणको अपरिहार्यता हुन्छ । यहाँ व्याकरण शिक्षणको आवश्यकता र महत्त्वलाई निम्नानुसार उल्लेख गरिएको छ । जस्तै :

- भाषिक अनुशासन कायम गर्न
- विद्यार्थीहको भाषिक ज्ञानलाई उपयुक्त रूपमा स्तरण गर्न
- मानक भाषा प्रयोग क्षमताको विकास गर्न
- सन्दर्भपूर्ण र सर्वस्वीकार्य भाषिक प्रयोग क्षमता विकास गराउन
- सङ्गतिपूर्ण भाषिक प्रयोगमा सक्षमता दिलाउन
- मौलिक एवम् स्तरीय भाषिक प्रयोगमा सक्षम बनाउन
- भाषातत्त्वको उपयुक्त प्रयोग क्षमता विकास गराउन
- भाषिकागत र शैलीगत विचलनहरु हटाउन
- भाषिक प्रयोगलाई विषय, वक्ता, श्रोता, पाठक र प्रसङ्ग सापेक्ष बनाउने
- औपचारिक र अनौपचारिक रूपमा भाषिक अभ्यास गराउन
- भाषा प्रति भाषा वैज्ञानिक दृष्टिकोणको विकास गराउन, आदि ।

### २.२.६ नेपाली व्याकरण शिक्षणका समस्या

हरेक भाषाका आफ्नै प्रकारका व्यवस्था र विशेषताहरु हुन्छन् । त्यसै गरी नेपाली भाषाका पनि आफ्नै प्रकारका आन्तरिक नियम, व्यवस्था र विशेषताहरुसँगै आबद्ध व्याकरण हो । नेपाली व्याकरणले नेपाली भाषालाई बुभ्न र व्याख्या गर्न सहयोग पुऱ्याउँछ साथै नेपाली भाषाको स्तरयुक्त मानक प्रयोग, शिष्ट प्रयोग, शुद्ध प्रयोग र सान्दर्भिक प्रयोग संरचनाहरुको सुभ र सिप सिकाइ एकरूपता, स्थिरता, क्षमता हासिल गराउन विद्यालय तहदेखि महा विद्यालय तहसम्म नेपाली व्याकरणको शिक्षण गर्ने, गराउने प्रचलन छ (शर्मा र पौडेल, २०७० : ४१४) । व्याकरण शिक्षण आफैमा नीरस एवम् सैद्धान्तिक विषय भएकाले यसको शिक्षणमा निकै ठूलो कठिनाइ हुनु स्वाभाविकै हो तर त्यस भन्दा पनि अझ केही यस्ता समस्याहरु छन् जसले नेपाली व्याकरण शिक्षणलाई जीवन्त र उद्देश्यमूलक बनाउनका विभिन्न बाधा र व्यवधानहरु खडा गरेका छन् । ती समस्याहरुलाई मोटामोटी रूपमा तल वर्णन गरिएको छ ।

### १. पुरानो मानक प्रतिको झुकाब

हालसम्मको नेपाली व्याकरण शिक्षण वि.सं. १९६९ मा प्रकाशित हेमराजको चन्द्रिका व्याकरणले निर्देश गरे अनुरूपको मानकमा नै प्रायः आधारित रहेको छ । भाषामा परिवर्तन शीलताको गुण हुने र त्यस गुणलाई व्याकरणले पछ्याउनु पर्नेमा आज भन्दा करिब एक शतक अघिको भाषा प्रयोगको मानकलाई पछ्याएर व्याकरण शिक्षण गर्नुपर्ने स्थिति आफैंमा एउटा विडम्बना र समस्या हो । त्यही चन्द्रिका व्याकरणका रूपमा लेखिएको ‘मध्य चन्द्रिका’ व्याकरण आज पनि गुरु व्याकरणका रूपमा रहि रहेको छ जसका कतिपय सन्दर्भ वर्तमान नेपाली मानक योग सन्दर्भहरुसँग मेल खाँदैनन् । जस्तै; म जाँदो हुँ, मैले पुस्तक पढिँदै छ आदि (शर्मा र पौडेल, २०७० : ४१५-४१५ । व्याकरण शिक्षण गर्नु भनेको समसामयिक शिष्ट भाषा प्रयोगको अनुगमन गरी सोही अनुरूपको भाषा प्रयोग गर्ने सुझको विकास गर्नु हो तर समसायिक रूपमा अमानक भइ सकेका प्रयोग सन्दर्भहरुलाई पछ्याएर व्याकरण शिक्षण गरिनु वा गर्नु पर्ने कुरालाई गम्भिर समस्याका रूपमा लिन सकिन्छ ।

### २. अनुकृत ढाँचाको प्रयोग तथा वर्णनात्मक समग्रताको कमी

नेपाली व्याकरणको पठन पाठन अङ्ग्रेजी अथवा संस्कृत व्याकरणको अनुकृत ढाँचामा भइ रहेको देखिन्छ । अङ्ग्रेजी गुरुकुलबाट आएकाहरु नेपाली व्याकरणलाई अङ्ग्रेजी व्याकरणको शैलीमा ढालेर पठन पाठन गर्न रुचाउँछन् भने संस्कृत गुरुकुलबाट आएकाहरु

संस्कृत कै ढाँचामा नेपाली व्याकरणको पठन पाठन गर्न चाहन्छन् (ढुङ्गेल र दाहाल, २०७० : २७८) । त्यसै गरी उनीहरुले लेखेका व्याकरण पनि त्यतैतिर ढल्केका छन् । नेपाली भाषाकै वर्णनात्मक अध्ययनका आधारमा व्याकरणको ढाँचा निर्माण हुन सकेको छैन् ।

### ३. शैक्षणिक व्याकरणको कमी

स्रोत व्याकरणको अस्पष्टता तथा अव्यापकताको प्रतिबिम्बन पाठ्य सामग्रीमा पर्नु स्वभाविक छ । २०२८ सालभन्दा पहिलो शैक्षणिक प्रयोजनका लागि भनेर लेखिएका व्याकरणका केही खास पाठ्य वस्तुहरु तोकेको छ । सोही अनुरूपका पाठ्य वस्तुहरु पाठ्य पुस्तकमा समावेश गर्ने प्रयास भएको छ । यस क्रममा व्याकरणका पाठ्य वस्तुहरु कक्षा चार देखि नै सुरु गरिएका उक्त पाठ्य वस्तुमा उपयुक्त स्तरण भएको देखिदैन । खास कक्षा वा तहका पाठ्यक्रममा व्याकरणका खास पाठ्य वस्तुको के कस्तो आवृत्ति र के कति विस्तार हुने हो सोको स्पष्ट निर्देशन कुन सकेको छैन । सबै तहमा समान गहिराइमा आवृत्ति भएको स्थिति छ (अधिकारी, २०७० : १८४) । यस्तो हुनाका मुख्य कारण तहगत र कक्षागत रूपमा समावेश व्याकरणका पाठ्य वस्तुहरुको शैक्षणिक दृष्टिले अध्ययन हुन नसक्नु हो, जसले गर्दा पाठ्यक्रम तथा पाठ्य पुस्तक निर्माताद्वारा पनि आ-आफ्नै वैयक्तिक ज्ञान र झुकाव अनुसार पाठ्य वस्तुहरुलाई अव्यवस्थित ढङ्गले प्रस्तुत गरिएको देखिन्छ । तसर्थ उपयुक्त स्तरणमा आधारित भई व्याकरण शिक्षण गर्न शिक्षकहरुलाई निकै कठिनाइ भएको छ ।

### ४. दृष्टिकोण तथा सुझको कमी

नेपाली भाषाको व्याकरण शिक्षण गर्न तर्सने वा व्याकरणको विषयलाई नितान्त सैद्धान्तिक ढङ्गले पढाउने शिक्षकहरुको वर्चस्व अहिले विद्यमान छ । भाषाका शिक्षकहरु व्याकरण शिक्षणको प्रयोजन जान्दैनन्, व्याकरण कसरी सिकाउनु उपयुक्त हुन्छ भन्ने बुझ्दैनन् अनि बुझ्नेले पनि व्याकरण उपयुक्त ढङ्गले सिकाउने जाँगर देखाउँदैनन् । कतिपय शिक्षक व्याकरण तत्त्वको शिक्षणमा उपयुक्त तरिका के-कस्तो हुन्छ भन्ने कुरामा चासो राख्दैनन् । व्याकरणप्रति स्पष्ट दृष्टिकोणको अभाव भएको यस्तो अवस्थासम्म व्याकरण शिक्षण प्रभावकारी नहुनु स्वभाविक भएको छ (ढकाल, २०७० : ३३६) । नेपाली भाषा तथा व्याकरणका शिक्षकहरुमा व्याकरणात्मक ज्ञान (सुझ) को कमी छ । शिक्षकहरु मौखिक तथा लिखित अभिव्यक्ति सुनेर पढेर व्याकरणिक शद्धता भए-नभएको छुट्याउन सक्तैनन् ।

शिक्षकहरुका वैयक्तिक झुकाव तथा क्षमताको कमीका कारण गलत निर्णय दिन्छन । यो व्याकरण शिक्षणको एक प्रमुख समस्या हो ।

### २.२.७ नेपाली व्याकरण शिक्षणका प्रचलित प्रमुख विधिहरु

नेपाली व्याकरण शिक्षणमा खासगरी निम्न लिखित पाँच किसिमका प्रचलित विधिहरु छन् :

#### २.२.७.१ निगमन विधि

व्याकरण शिक्षणमा निगमन विधि धेरै पुरानो मानिन्छ । यो परम्परागत व्याकरण शिक्षणमा निकै लोकप्रिय भएको कुरा पहिले संस्कृत र अङ्ग्रेजी भाषाका परम्परागत व्याकरण शिक्षणका लागि यसलाई प्रशस्त उपयोगी बनाइएबाट पनि स्पष्ट हुन्छ । निगमन विधि भाषाबाट व्याकरण तत्त्वलाई अलग गराएर सिकाउने पक्षमा देखा पर्छ । यस विधि अनुसार व्याकरण शिक्षण गर्दा सामान्यतया पहिले नियम, सुत्र, परिभाषा विद्यार्थीहरुलाई बताएर त्यसका आधारमा प्रयोग र उदाहरण दिइन्छ र पुष्टि गरिन्छ । यस प्रकार नियमीकरण, उदाहरणीकरण प्रयोग र अभ्यासका क्रममा निर्देशित व्याकरण शिक्षण विधि नै निगमन विधि हो (अधिकारी, २०६७ : १८८-१८९) । त्यस्तै यो विधि सूत्र विधि, परिभाषा विधि तथा पाठ्य पुस्तक विधि आदि नामबाट पनि चिनिन्छ ।

यस विधिले भाषिक विशेषतालाई सुत्रका माध्यमबाट सामान्यीकरण गर्दै लैजाने भएकाले यसलाई बौद्धिक प्रकृतिको विधि मानिन्छ । व्याकरणका सामान्यीकरण धारणा बुझ्न नसक्ने बौद्धिक स्तर भएका शिक्षार्थीको लागि यो विधि प्रभावकारी बन्न सक्दैन । यस विधिमा विद्यार्थीको पूर्व ज्ञानलाई कम ख्याल गरिने हुनाले यस विधिलाई शिक्षक केन्द्रित मानिन्छ । शिक्षार्थीहरुको पूर्वज्ञान, रुचि र क्षमताको ख्याल नगरिनु, विद्यार्थी निष्क्रिय र शिक्षक सक्रिय हुनु, उदाहरणको सहयोगबाट सिद्धान्तको खोजी नगरिनु यस विधिका सीमितता हुन् (पौडेल, २०७१ : १३४) । तल्लो स्तरका विद्यार्थीहरुका लागि यो विधि उपयुक्त हुन नसके पनि उच्च शिक्षाका उपल्लो स्तरका विद्यार्थीहरुका लागि यो विधि उपयोगी मानिन्छ ।

#### २.२.७.२ आगमन विधि

निगमन विधिको ठिक उल्टो तरिकाले व्याकरण सिकाउने विधिलाई आगमन विधि भनिन्छ । विद्यार्थी समक्ष विभिन्न उदाहरण, तथ्य र वस्तु प्रदर्शन गरी अनौपचारिक रूपले

उनीहरुलाई बढी भन्दा बढी सक्रिय गराई व्याकरण शिक्षण गर्ने विधिलाई आगमन विधि भनिन्छ । यसले व्याकरणलाई प्रयोग तथा व्यवहारका रूपमा सिक्न प्रोत्साहित गर्दछ । यो विधिले पहिला विभिन्न किसिमका उदाहरणहरु दिएर त्यसका आधारमा विद्यार्थीहरुलाई सुत्र वा नियम निर्माण गर्न लगाएर व्याकरण शिक्षण गर्ने कुरामा जोड दिन्छ (ढुङ्गेल र दाहाल, २०७० : २८०-२८१) । प्रयोगगत उदाहरणका आधारमा भाषाका नियमको अवधारणा स्थापित गर्ने यो विधि व्याकरणलाई सुनेर, बोलेर, पढेर, लेखेर सिकेको अनुभवका आधारणमा नियम वा धारणा बनाउने विधिका रूपमा प्रचलित रहेको पाइन्छ ।

यस विधिले विद्यार्थीका मनोवैज्ञानिक पक्ष, पूर्व भाषिक अनुभव, रुचि, आवश्यकता, स्तर आदि सबै कुरा अनुकुल हुने गरी प्रभावकारी एवम् उपयोगी व्याकरण शिक्षण गर्न जोड दिन्छ । यस बाहेक उत्सुकता र कौतुकताको सिर्जना गरेर कक्षालाई जीवन्त तुल्याइ र राख्न विद्यार्थी सक्रियता बढाउन यस विधिले विशेष जोड दिएको पाइन्छ (शर्मा र पौडेल, २०६८; ४१८-४१९) । यस विधिमा शिक्षकले बढी मेहनत गर्नुपर्ने धेरै समय लाग्ने, उच्च बौद्धिक स्तरका विद्यार्थीहरुका लागि झन्झटिलो, कक्षा सहभागिता कायम गर्न गाह्रो हुने, बढी खर्चिलो आदि समस्या रहन्छन् । यो यस्ता केही नकारात्मक पक्षहरु रहे पनि तिनको सचेततापूर्वक निराकरण गर्दै लगेमा वा लान सकेमा सबै तह र कक्षाका लागि यो विधि उपयोगी र प्रभावकारी विधिका रूपमा कायम हुन सक्छ ।

### २.२.७.३ भाषा संसर्ग वा प्रत्यक्ष भाषा विधि

यो विधि व्याकरण शिक्षणको आधुनिक विधि हो । यो विधि भाषा संसर्ग र प्रत्यक्ष विधिको संयुक्त मिश्रणबाट तयार भएको हो । भाषा र व्याकरणलाई पृथक् रूपमा शिक्षण नगरी एकीकृत रूपमा भाषाभित्र व्याकरण शिक्षण गर्ने विधिलाई नै भाषा संसर्ग विधि वा प्रत्यक्ष भाषा विधि भनिन्छ । व्याकरण शिक्षणको प्रयोजन भाषिक प्रयोगलाई शुद्ध, स्तरीय र मानक ढाँचा अनुकुलको बनाउने हो भने व्याकरणको शिक्षण विना नै विद्यार्थीको भाषा शद्ध र स्तरीय हुन सक्छ तर त्यसका लागि भाषा सिक्ने वातावरण स्तरीय हुनु पर्छ भन्ने मान्यता यसले राख्दछ (ढकाल, २०७१ : ३४०) । शुद्ध र स्तरीय भाषिक वातावरणको अनुकरण गरी सिकारुले त्यस अनुकुल भाषा सिक्न सक्ने कुरामा यस विधिले विश्वास गर्दछ । यस विधिले सिकारुलाई श्रव्य, दृश्य,  पाठ्य सामग्रीहरु पर्याप्त मात्रामा उपलब्ध गरेर विद्यार्थीहरुलाई भाषिक संसर्गमा ल्याउने कार्यक्रम अपनाउने र यिनै कार्यक्रमबाट

भाषाको प्रत्यक्ष प्रयोग अनुभव दिलाएर व्याकरणात्मक धारणा र सचेतताको विकास गर्नमा निर्देशित गर्दछ ।

यस विधिले व्याकरणको औपचारिक शिक्षणलाई भन्दा स्तरीय शिष्ट प्रयोगलाई अधिक महत्त्व दिन्छ । उच्च शिक्षाका कक्षाहरुमा यो विधि त्यति उपयुक्त देखिदैन् । शिक्षकको सचेतता अत्यधिक कायम रहनु पर्ने यो विधि समय, स्रोत र श्रमका दृष्टिले पनि व्यवहारिक देखिँदैन । फेरि सबै ठाउँमा उपयुक्त भाषिक वातावरण र संसर्ग कायम गराउन पनि गाह्रो देखिन्छ (शर्मा र पौडेल, २०७० : ४१९-४२०) । अत : विद्यार्थीहरुलाई आफ्ना र अरूका भाषा प्रयोगमा भएका त्रुटिहरु पहिचान गर्ने क्षमताको विकास गर्नका लागि पनि व्याकरणको औपचारिक शिक्षण आवश्यकता पर्ने देखिन्छ । भाषा शिक्षणमा आवश्यकता अनुसार सबै प्रकारका विधिहरुको यथोचित रूपमा प्रयोग गर्नु पर्दछ ।

### २.२.७.४ भाषा पाठ्य पुस्तक विधि

व्याकरणलाई पुस्तकको रूपमा नराखी भाषा पाठ्य पुस्तकभित्रै समावेश गरी भाषासँगै व्याकरण शिक्षण गर्ने विधिलाई भाषा पाठ्य पुस्तक विधि भनिन्छ । भाषा पाठ्य पुस्तकबारे पाठगत वा विधागत प्रयोग प्रसङ्गका आधारमा व्याकरण शिक्षण गर्ने विधिलाई भाषा पाठ्य पुस्तक विधि भनिएको हो । यो विधि आगमन र प्रत्यय भाषा विधिको मिश्रित विधिका रूपमा चिनिन्छ । राष्ट्रिय शिक्षा परिषद योजना लागु हुनुभन्दा पहिले हाम्रा विद्यालयका पाठ्यक्रम नेपाली व्याकरणको छुट्टै पाठ्य पुस्तक पठाइन्थ्यो । ती पाठ्य पुस्तकमा परिभाषा र नियमहरुको सङ्ग्रह मात्र हुन्थ्यो । फलस्वरूप शिक्षार्थीहरुले परिभाषा र नियम जाने पनि यसको उपयोग जान्दैनथे । यो व्याकरणका पाठ्य पुस्तकको मात्र कमजोरी नभई व्याकरण शिक्षण गर्ने तरिकाको पनि कमजोरी थियो । राष्ट्रिय शिक्षा योजना लागु भए पछि उक्त कुरालाई महसुस गरी व्याकरणलाई भाषा शिक्षणको अभिन्न अङ्ग बनाउन भाषा पाठ्य पुस्तकका अभ्यास स्तम्भमा नै व्याकरणात्मक तत्त्वलाई समावेश गरिएको छ (अधिकारी, २०६८ : १९२-१९३) । परिभाषा सुत्र वा नियमका आधारमा अथवा तिनलाई प्रमुखता दिई व्याकरण नसिकाई प्रयोग एवम् उदाहरणहरुलाई प्रमुखता दिई व्याकरण शिक्षार्थीको भाषा सिकाइमा क्रम अनुकुल र भाषा शिक्षणको उद्देश्य अनुकुल देखिएकाले यो व्याकरणको छुट्टै पाठ्य पुस्तक नराखिएको हो ।

यस विधि अनुसार पाठ्य पुस्तकबाट व्याकरण सिकाउँदा विद्यार्थीलाई प्रत्यक्ष ढङ्गले प्रयोगात्मक तरिकाले व्याकरणात्मक धारणा विकास गर्न सरल हुन्छ साथै छुट्टै

पाठ्य पुस्तकबाट व्याकरण सिकाउँदा प्रासङ्गिक, रोचक र प्रभावकारी समेत हुन्छ । यो विधि आगमन, निगमन र प्रत्यक्ष विधिको समिश्रण हो (ढकाल, २०७१: ३४१) । यस विधिमा सुरुमा पाठ्य पुस्तकमा प्रयोग गरिएका उदाहरणमा प्रशस्त अभ्यस्त गराइन्छ, त्यसपछि नियमीकरण गर्ने नियम सिकाइन्छ र स्पष्ट पार्ने काम गरिन्छ तत् पश्चात् सवलीकरणको रूपमा पाठ्य पुस्तकमा समाविष्ट व्याकरणिक पक्षको खोज गर्न लगाइन्छ । व्याकरण शिक्षणमा भाषा पाठ्य पुस्तक विधि व्यावहारिक किसिमको भए पनि यसको वास्तविक उपयोगमा निकै कठिनाइ रहेको देखिन्छ । व्याकरणिक क्रमिकता मिलाउन, स्तर अनुरूप व्याकरणिक उदाहरणहरु पनि दिन नसकिने आदि समस्या रहेको पाइन्छ । पाठ्य पुस्तकभित्र प्रस्तुत गरिने पाठ्य सामग्रीको छनोट र स्तरणमा विशेष सतर्कता अपनाएर यस विधिको उपयोग गर्न सजिलो तुल्याउन आवश्यक देखिन्छ । यसो हुन सकेमा धेरै हदसम्म व्याकरण शिक्षणका उद्देश्यहरुलाई यस विधिबाट पुरा गर्न सकिन्छ ।

### २.२.७.५ कार्यमूलक विधि

कार्यमूलक विधि व्याकरण शिक्षणका क्रममा भित्रिएको नवीन विधि हो । भाषाका प्रकार्यपरक र सम्प्रेषणात्मक कार्यका आधारमा व्याकरणिक सुरु र सचेतताको विकास गरी प्रयुक्तिगत विशिष्टता समेत प्रभावकारी ढङ्गले हासिल गर्न सकिन्छ भन्ने सोच पनि वर्तमान समयमा आएको छ । त्यसैले प्रकार्यपरक र सम्प्रेषणात्मक विधि र पद्धति अनुरूपमा व्याकरणिक सिप र सचेतता सिकाउने प्रेरक अभिप्राय लिएर नवीन प्रक्रियाका रूपमा व्याकरण शिक्षणमा कार्यमूलक विधि भित्रिन थालिएको छ । भलाकुसारी, प्रश्न, अनुरोध, निवेदन, छलफल, वक्तृता, संवाद, संवेदना, सान्त्वना, सहानुभूति, जिज्ञासा, रहर, प्रेम, वात्सल्य व्यस्ता प्रकार्यपरक वा सम्प्रेषणमूलक भाषिक प्रयुक्तिका विशेषतासँग सम्बन्धित गराएर तिनै सन्दर्भसित व्याकरणिक शुद्धता र उपयुक्तताको सुझाव र सिप विकास गर्ने ध्येय कार्यमूलक प्रक्रियाले अँगालेको पाइन्छ । सबै व्यक्ति भाषा सिकेर व्याकरणविद् र भाषाविद् नबन्ने भएकाले व्याकरणको सैद्धान्तिक र औपचारिक धारणा दिनु आवश्यक छ र केवल विशुद्ध र सम्प्रेषणात्मक भाषा प्रयोग सिकाउन उपयुक्त हुन्छ भन्ने धारणाको विकास हुन जान थालेको छ (पौडेल, २०७० : १३७) । व्याकरणले औपचारिक शिक्षणभन्दा प्रकार्यात्मक र प्रयोजनीय उद्देश्य अनुसारका विशुद्ध भाषिक प्रयोगमा ध्यान पर्दछ भन्ने सोचहरु आफ्नो ठाउँमा महत्त्वपूर्ण छन् । त्यसैले नवीन सोच अनुसार प्रकार्यपरक र सम्प्रेषणात्मक विधि वा पद्धति अनुरूपको कार्यमूलक व्याकरण शिक्षण विधि झ्याङ्गिन

थालेको आभास हुन्छ र नेपाली भाषा शिक्षण पनि व्याकरण लाभान्वित हुन खोजेको देखिन्छ (ढङ्गेल र दाहाल, २०७२: २७५-२८२) । नेपाली भाषा शिक्षण पनि यो नविनतम् सोच प्रक्रियाबाट लाभान्वित हुन खोजेको स्पष्टै देखिन्छ ।

### २.२.८ व्याकरण शिक्षण प्रभावकारी बनाउने उपायहरु

दाहाल र ढुङ्गेल (२०७०) का अनुसार व्याकरण शिक्षण प्रभावकारी बनाउने उपायहरु निम्नानुसार उल्लेख गरिएका छन् :

- व्याकरण शिक्षणका सबै विधिहरु आवश्यकता अनुसार उपयोग गर्ने
- व्याकरण शिक्षण आगमन तरिकाबाट गर्ने,
- प्रयोगात्मक र अभ्यासपरक व्याकरणको प्रयोग गर्ने,
- रङ्गीन चित्रहरुको प्रयोग गरी मनोरञ्जनात्मक सामग्रीका माध्यमबाट व्याकरणका विषय वस्तु प्रस्तुत गर्ने,
- श्रव्य दृश्य सामग्रीको प्रयोग बढी गर्ने,
- शब्दकोशको उपयोग गर्ने बानी बसाल्न प्रोत्साहित गर्ने आदि ।

### २.२.९ व्याकरणिक कोटि

व्याकरणिक कोटि अन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर काल, पक्ष, भाव, ध्रुवीयता ( करण-अकरण), वाच्य आदि पर्दछन् (श्रेष्ठ र अन्य, २०७२ : २३) । वाक्यलाई परिवर्तन गर्न व्याकरणिक कोटिको आवश्यकता पर्दछ । व्याकरणिक कोटि व्याकरणको महत्त्वपूर्ण अङ्ग वा क्षेत्र हो । यहाँ व्याकरणिक कोटिलाई निम्न लिखित रूपमा प्रस्तुत गरिएको छ :

#### २.२.९.१ लिङ्ग

पुरुष र स्त्री जातिलाई छुट्याउने व्याकरणिक कोटिलाई लिङ्ग भनिन्छ (दाहाल र दाहाल, २०७० : ६७) । नेपाली भाषामा पुरुष जातिलाई बुझाउन पुलिङ्ग र स्त्री जातिलाई बुझाउन स्त्री लिङ्गको प्रयोग गरिन्छ । त्यसैले नेपालीमा मुख्य गरी लिङ्गका दुई भेद छन् । पुलिङ्ग र स्त्री लिङ्ग जस्तै :

कमल बजार गयो । (पुलिङ्ग)

करुणा बजार गई । (स्त्री लिङ्ग)

### २.२.९.२ वचन

नामिक पद (नाम, सर्वनाम, विशेषण) को सङ्ख्यालाई बुझाउने व्याकरणात्मक कोटिलाई वचन भनिन्छ (अधिकारी, २०७१ : ८०) । नेपालीमा एउटालाई बुझाउनेलाई एक वचन र एक भन्दा बढीलाई बुझाउनेलाई बहु वचन भनिन्छ । त्यसैले वचन दुई प्रकारका छन्, एक वचन र बहु वचन, जस्तै :

किताब (एक वचन) - किताबहरु (बहु वचन)

त्यो (एक वचन) - ती/तिनीहरु (बहु वचन)

राम्रो (एक वचन) - राम्रा (बहु वचन)

### २.२.९.३ पुरुष

पुरुषले वक्तालाई बुझाउँछ । वक्ता, श्रोता र विषयका बारेमा जानकारी गराउने व्याकरणात्मक कोटिलाई पुरुष भनिन्छ (शर्मा, २०७१ : ४८०) । नेपाली व्याकरणमा तिन वटा पुरुष छन्, वक्ता व्यक्तिलाई जनाउने प्रथम पुरुष, श्रोता व्यक्तिलाई जनाउने द्‌वितीय पुरुष र अन्य व्यक्तिलाई जनाउने तृतीय पुरुष जस्तै :

- प्रथम पुरुष - जो बोल्दै छ, उसलाई जनाउने सर्वनाम शब्दलाई प्रथम पुरुष भनिन्छ । जस्तै : म, हामी, हामीहरु ।
- द्‌वितीय पुरुष- वक्ताले बोलेको कुरा जसले सुन्दै छ त्यसलाई द्‌वितीय पुरुष भनिन्छ । जस्तै : त, तिमी तपाई, हजुर आदि ।
- तृतीय पुरुष : जसका बारेमा कुरा गरिदै छ, जसलाई जनाउने सर्वनाम शब्दलाई तृतीय पुरुष भनिन्छ । यो, यिनी, ऊ, उनी, उहाँ आदि ।

### २.२.९.४ आदर

व्यक्तिलाई सम्मान गर्न प्रयोग गरिने शब्दको व्याकरणात्मक कोटिलाई आदर भनिन्छ (श्रेष्ठ र अन्य, २०७२ : २४) । नेपालीहरुले गर्ने आदरमा शून्य/निम्न, मध्यम/सामान्य उच्च र अत्युच्च गरी पाँच प्रकारका आदर छन् । जस्तैः

शून्य आदर $\rightarrow$ म, हामी

निम्न आदर $\rightarrow$ तँ, ऊ, त्यो, यो

मध्यम आदर → तिमी, उनी, यिनी, तिनी

उच्च आदर → तपाई, यहाँ, उहाँ

अति उच्च आदर → हजुर

**२.२.९.५ काल**

सामान्य अर्थमा काल भन्नाले समय भन्ने बुझिन्छ । नेपाली व्याकरणमा क्रियापदहरु कालका सूचक हुन्छन् (ढकाल र दाहाल, २०७० : ८०) । त्यसैले क्रियापदले देखाउने कामको समयलाई काल भनिन्छ । धातुका पछाडि लागेका विभिन्न प्रत्ययहरुले काल र तिनका पक्षहरुको भेदलाई जनाउँदछ । काललाई भूतकाल, वर्तमानकाल र भविष्यत् काल गरी तिन प्रकारमा वर्गीकरण गरिएको छ । जस्तै :

म व्याकरण पढ्छु । (वर्तमान काल)

मैले व्याकरण पढे । (भूतकाल)

म व्याकरण पढ्ने छु । (भविष्य काल)

**२.२.९.६ भाव**

अभिव्यक्तिको आशयलाई भाव भनिन्छ । वक्ता वा लेखकको अभिव्यक्तिको अर्थ वा मनोभाव वाक्यमा क्रियापदले व्यक्त गर्दछ (शर्मा, २०७० : ४९०) । त्यसैले यसलाई क्रियाको भाव भनिएको हो । क्रियापदले जनाउने भावमा वक्ता वा लेखकका सामान्य, आज्ञा इच्छा, सम्भावना सङ्केत प्रश्नार्थक जस्ता मनसाय व्यक्त हुन्छन् जस्तै :

तिमी कविता पढ्दै छौ । (सामान्यार्थ)

तिमी कविता पढ । (आज्ञार्थ)

तिमीले कविता पढ् । (इच्छार्थ)

तिमी कविता पढौला । (सम्भावनार्थ)

तिमीले कविता पढेमा राम्रो हुन्छ । (सङ्केतार्थ)

तिमीले कविता पढ्छौ ? (प्रश्नार्थक)

**२.२.९.७ पक्ष**

कालका विभिन्न अवस्था हुन्छन्, कालका ती विशेष अवस्थालाई पक्ष भनिन्छ (अधिकारी, २०७१: १२३) । पक्षले काललाई सुक्ष्म रूपमा प्रस्तुत गर्दछ । वर्तमान काल र भविष्य कालका तिन वटा (सामान्य, अपूर्ण र पूर्ण) पक्षहरु तथा भूतकालका पाँच वटा (सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त) पक्ष छन् । जस्तै

**(क) सामान्य पक्ष**

क्रियापदले सामान्य रूपमा कार्य गरेको बुझाएमा सामान्य पक्ष हुन्छ । सामान्य पक्ष, भूत, वर्तमान र भविष्यत् गरी तिनै कालमा हुन्छ ।

सामान्य वर्तमान : म सुते ।

सामान्य भूत : म सुत्छु ।

सामान्य भविष्य : म सुत्ने छु ।

**(ख) अपूर्ण पक्ष**

काम भइरहेको तर हुन बाँकी रहेको अवस्था सङ्केत गर्ने पक्षलाई अपूर्ण पक्ष भनिन्छ । अपूर्ण पक्ष भूतकाल, वर्तमान काल र भविष्यत् तिनै कालमा हुन्छ ।

अपूर्ण भूतकाल म कलम दिँदै थिएँ ।

अपूर्ण वर्तमान काल म कलम दिँदै छु ।

अपूर्ण भविष्यत् काल म कलम दिँदै हुनेछु ।

**(ग) पूर्ण पक्ष**

काम सुरु भएर पनि भइसकेको अवस्थालाई पूर्ण पक्ष भनिन्छ । पूर्ण पक्ष पनि तिनै वटा कालमा हुन्छन् । जस्तै :

पूर्ण भूतकाल मैले गाएको थिएँ ।

पूर्ण वर्तमान काल मैले गाएको छु ।

पूर्ण भविष्यत् काल मैले गाएको हुने छु ।

(घ) **अज्ञात पक्ष**

कुनै कुरा पहिले नै भएको त त्यसको जानकारी पछि मात्र भएको बुझाउने पक्षलाई अज्ञात पक्ष भनिन्छ । अज्ञात भूत पक्ष भूतकालमा मात्र हुन्छ । जस्तै :

मैले गृहकार्य गर्न बिर्सेछु ।

(ङ) **अभ्यस्त पक्ष**

बितेको समयमा कुनै काम वा कुरामा बानी परेको र अहिले स्मरण हुने घटना सन्दर्भ बुझाउने भूत कालको पक्षलाई अभ्यस्त भूत भनिन्छ । जस्तै :

म चङ्गा उडाउँथे ।

**२.२.९.८ वाच्य**

वाक्यमा कर्ता, कर्म र भाव (क्रिया) मध्ये कुनै एक प्रमुख हुने व्याकरणात्मक कोटिलाई वाच्य भनिन्छ (श्रेष्ठ र अन्य, २०७२ : ५७) । वाच्य कर्तृवाच्य, कर्मवाच्य र भाव वाच्य गरी तिन प्रकार हुन्छन् । जस्तै

कर्त वाच्य : म पाठहरु पढ्छु ।
कर्म वाच्य : भाइद्वारा खेल खेलिन्छ ।
भाव वाच्य : धेरै हाँसियो ।

**२.२.९.९ ध्रुवीयता (करण–अकरण)**

वाक्यले सकारात्मक अर्थ दिन्छ भने करण वाक्य र नकारात्मक अर्थ दिन्छ भने अकरण वाक्य भनिन्छ । करण र अकरण क्रियापदसँग सम्बन्धित व्याकरणात्मक कोटि भएकाले वाक्यमा यसलाई समापक क्रियापदद्वारा पहिचान गरिन्छ (दाहाल र दाहाल, २०७०: १०३) । करण र अकरणलाई एउटै शब्दमा व्यक्त गर्ने व्याकरणमा ध्रुवीयता र शब्दको प्रयोग गरिन्छ । हो, हुन्छ, भयो आदि सकारात्मक वाक्य र होइन, हुँदैन, भएन आदि नकारात्मक अर्थ दिने अकरण वाक्य हुन, जस्तै :

| करण वाक्य | अकरण वाक्य |
|---|---|
| सावित्री कान्छी छोरी हो । | सावित्री कान्छी छोरी होइन । |
| आज पानी पर्ला । | आज पानी नपर्ला । |
| फुलबारीमा फुलहरु फुले । | फुलबारीमा फुलहरु फुलेनन् । |

## अध्याय तिन

# अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अनुसन्धान तयार गर्दा कहाँ जाने, के-के गर्ने, कसरी तथ्याङ्क सङ्कलन गर्ने, जनसङ्ख्या कति हुने, नमुना छनोट कति गर्ने, छनोट गरिएका नमुनाको परीक्षण कसरी गर्ने के-कस्ता साधनहरु प्रयोग गर्ने, कुन आधारमा त्यसको विश्लेषण गर्ने, निष्कर्ष कसरी निकाल्ने जस्ता कुराहरु पत्ता लगाउनका लागि निम्नानुसारका विधि तथा प्रक्रियाहरु अवलम्बन गरिएका छन् :

## ३.१ जनसङ्ख्या छनोट

प्रस्तुत अध्ययनमा २०७३ सालमा कक्षा सातमा अध्ययनरत कैलाली जिल्लाका सम्पूर्ण विद्यार्थीहरुलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.२ नमुना छनोट

अध्ययनको व्याख्या तथा विश्लेषण गर्न सम्पूर्ण जनसङ्ख्याको समान प्रतिनिधित्व हुने गरी कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत दश विद्यालयका दश दश जना गरी सय जना विद्यार्थीहरु नमुनाका रूपमा छनोट गरिएका छन् ।

## ३.३ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन गर्न कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुबाट व्याकरणिक कोटिको प्रयोग क्षमताको अध्ययन गर्न तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्कन सङ्कलन गर्दा क्षेत्रीय र वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.४ प्रश्नावली निर्माण

प्रस्तुत शोधका लागि तथ्याङ्क सङ्कलन गर्दा व्याकरणिक कोटिको प्रयोग क्षमता अध्ययन गर्न सम्बन्धित कक्षाकै पुस्तकमा आधारित रहेर व्याकरणात्मक कोटि जस्तै : लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य र ध्रुवीयता र अन्य एक पद वियोग सम्बन्धी एक एक वटा गरी जम्मा दश प्रश्न निर्माण गरिएको छ । उक्त एक प्रश्नमा पाँच पाँच वटा वाक्यको एक अनुच्छेद बनाइएको छ ।

## ३.५ पूर्व परीक्षण

निर्मित प्रश्नावलीलाई ३० जना विद्यार्थीहरुमा पूर्व परीक्षण गरिएको थियो र प्राप्त नतिजाको आधारमा प्रश्नहरुको कठिनाइ स्तर निकाली स्तरीय प्रश्नपत्र निर्माण गरिएको छ । प्रश्नको कठिनाई स्तर निम्न अनुसारका सूत्र प्रयोग गरी निकालिएको छ :

$$P = \frac{R}{T} \times 100$$

यहाँ,

P = प्रश्नको कठिनाइ स्तर

R = सही उत्तर दिने विद्यार्थी सङ्ख्या

T = जम्मा विद्यार्थी सङ्ख्या

## ३.६ वास्तविक परीक्षण

प्रश्नको विश्लेषण पश्चात् कठिनइ स्तर भएका दश वटा विषयगत प्रश्न सम्पादन गरिएका छन् । सम्पादन पश्चात् कैलाली जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका सय जना विद्यार्थीहरुको परीक्षा लिइएको छ । परीक्षाका लागि १ घन्टा ३० मिनेट समय लिइएको छ र परीक्षा लिनुको उद्देश्य विद्यार्थीहरुमा भएको व्याकरणिक कोटिको प्रयोग क्षमताको अध्ययन गर्नु हो भनी सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुलाई जानकार गराएर सौहार्दपूर्ण वातावरणमा परीक्षण लिइएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण प्रक्रिया

कैलाली जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमता अध्ययनसँग सम्बन्धित सामग्री सङ्कलन गरि सकेपछि विद्यार्थीहरुमा व्याकरणिक कोटिको प्रयोग क्षमता के-कस्ता छन्, सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुमा व्याकरणिक कोटिको प्रयोग क्षमता कस्तो छ, लैङ्गिक आधारमा व्याकरणिक कोटिको प्रयोग क्षमता के-कस्ता छ भनी अध्ययन गरिएको छ । विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई समग्रमा र अलग अलग गरी व्याख्या विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा उच्च स्तरमा र न्यून स्तरमा पर्ने विद्यार्थीहरुलाई औसत मानसँग दाँजेर हेरी त्यही आधारमा विश्लेषण गरिएको छ । उक्त अध्ययन गर्दा निम्नानुसारको सूत्रको गरिएको छ :

$$\text{Mean} (\bar{X}) = \frac{\Sigma X}{N}$$

यहाँ,

$\bar{X}$ = औसत प्राप्ताङ्क

$\Sigma X$ = कुल प्राप्ताङ्कको योग

N = नमुना विद्यार्थी सङ्ख्या

माथि उल्लेख गरिएको सुत्रका आधारमा प्राप्त गरिएको औसत अङ्कबाट तलको सूत्र प्रयोग गरी मानक विचलन निकालिएको छः

$$\text{मानक विचलन} (\sigma) = \frac{\sqrt{\Sigma x^2 - (\Sigma x)^2/N}}{N}$$

$\Sigma x^2$ = औसत अङ्कको वर्गको कुल योग

$(\Sigma x)^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा विद्यार्थी सङ्ख्या

## ३.८ अध्ययनको रूपरेखा

प्रस्तुत शोध अध्ययनको रूपरेखा निम्नानुसार रहेको छः

अध्याय एक : शोधको परिचय

यस अध्याय अन्तर्गत पृष्ठभूमि, समस्या कथन, उद्देश्य, सान्दर्भिक र उपादेयता, अध्ययनको सीमाङ्कन रहेको छ ।

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

यस अध्याय अन्तर्गत पूर्वकार्यको समीक्षा जसमा पुस्तक समीक्षा र शोधको समीक्षा त्यसैगरी व्याकरण, व्याकरणको परिभाषा, व्याकरणको क्षेत्र र एकाइ, व्याकरणका प्रकार, व्याकरण शिक्षणको परिचय, व्याकरण शिक्षणको

आवश्यकता र महत्त्व, व्याकरण शिक्षणका समस्या, व्याकरण शिक्षणका विधि, व्याकरणिक कोटि रहेका छन् ।

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

यस अध्याय अन्तर्गत जनसङ्ख्या छनोट, नमुना छनोट, तथ्याङ्क सङ्कलन, प्रश्नावली निर्माण, पूर्व परीक्षण, वास्तविक परीक्षण, तथ्याङ्कको विश्लेषण अध्ययनको रूपरेखा रहेको छ ।

अध्याय चार : व्याकरणिक कोटि सम्बन्धी लेखन क्षमताको अध्ययन

यस अध्याय अन्तर्गत व्याकरणिक कोटि सम्बन्धी समग्रात्मक स्थिति, लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष, वाच्य र ध्रुवीयता सम्बन्धी प्रयोग क्षमताको स्थिति रहेको छ ।

अध्याय पाँच : विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरुको व्याकरण कोटिको प्रयोग क्षमता

यस अध्याय अन्तर्गत सामुदायिक र संस्थागत विद्यालयको समग्रात्मक स्थिति, दुबै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको स्थिति रहेको छ ।

अध्याय छ : लैङ्गिकताका आधारमा विद्यार्थीहरुको व्याकरण कोटिको प्रयोग क्षमता

यस अध्याय अन्तर्गत छात्र र छात्राको समग्रात्मक व्याकरणिक कोटिको क्षमता रहेको छ ।

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

यस अध्याय अन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता रहेका छन् । उक्त बाहेक सन्दर्भ सामग्रीको सूची, परिशिष्ट र व्यक्तिवृत्त समेत राखी शोधकार्यलाई अन्तिम रूप दिइएको छ ।

# अध्याय चार

## व्याकरणिक कोटिसम्बन्धी लेखन क्षमताको अध्ययन

नेपाल एक विविधताले भरिएको बहु भाषिक देश हो । यसको प्रत्यक्ष असर त्यहाँको भाषामा परेको हुन्छ । भाषालाई सुव्यवस्थित, स्तरीय एवम् एकै रूपले देशभरि नै प्रयोगमा ल्याउन कुनै पनि भाषा अन्तर्गत व्याकरण शिक्षणको आवश्यकता पर्दछ । त्यसै गरी नेपाली भाषाको प्रयोगमा एकरूपता ल्याई कथ्य भाषा र लेख्य भाषा बिचको अन्तरलाई कम गरी स्तरीय मानक नेपाली सिक्न सिकाउन व्याकरणलाई विद्यालय तहदेखि नै प्रभावकारी रूपमा शिक्षण गर्ने गरिएको पाइन्छ । यसप्रकार विद्यालय तहमा विद्यार्थीहरुको व्याकरणिक क्षमता कस्तो रहन्छ भन्ने कुरा अनुसन्धानको विषय बनेको छ । प्रस्तुत शोधमा कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमतालाई अध्ययनको क्षेत्र बनाइएको छ । अध्ययन गर्नका लागि उक्त जिल्लाका पाँच वटा सामुदायिक र पाँच वटा संस्थागत विद्यालयका ५ छात्र ५ छात्रा दरले जम्मा सय जना विद्यार्थीहरु नमुनाका रूपमा छनोट गरिएका छन् । जस अन्तर्गत समग्रमा व्याकरणिक कोटिको प्रयोग क्षमताको अध्ययन, सामुदायिक र संस्थागत रूपमा व्याकरणिक कोटिको प्रयोग क्षमताको अध्ययन र लैङ्गिकताका आधारमा व्याकरणिक प्रयोग क्षमताको अध्ययन गर्न विद्यार्थीहरुको छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ । विद्यार्थीहरुको प्राप्ताङ्कलाई औसत अङ्क र स्तरीय भिन्नतामा बदली तिनीहरुको आपसी तुलनाका आधारमा निष्कर्ष निकालिएको छ ।

### ४.१ व्याकरणिक कोटि सम्बन्धी समग्रात्मक स्थिति

यस अध्ययन कार्यमा कैलाली जिल्लाका ५ सामुदायिक र ५ संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरुलाई समावेश गरिएको छ । १०० पूर्णाङ्क परीक्षणमा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग, औसत अङ्क, मानक विचलन, सबैभन्दा बढी प्राप्ताङ्क र सबैभन्दा कम प्राप्ताङ्कलाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

**व्याकरणिक कोटि सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ५९८४ |
| औसत अङ्क | ५९.८४ |
| मानक विचलन | २१.२४ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९० |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा सय पूर्णाङ्कको परीक्षामा एक सय जना विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग ५९८४ रहेको छ । प्राप्ताङ्कको औसत अङ्क ५९.८४ रहेको छ । उक्त औसत अङ्क कुल पूर्णाङ्कको पचास प्रतिशत भन्दा माथि रहेको छ । मानक विचलन २१.२४ रहेको छ । मानक विचलन जति कम भयो त्यति प्राप्ताङ्कहरु सन्तुलित रहने र जति बढी भयो प्राप्ताङ्कहरु त्यति असन्तुलित रहेको मानिन्छ । उक्त मानक विचलन तुलनात्मक रूपमा बढी रहेकाले तथ्याङ्कहरुका बिचमा सन्तुलन कम रहेको देखिन्छ । परीक्षाको प्राप्ताङ्कलाई सोझै हेर्दा सबैभन्दा कम ल्याउने विद्यार्थीले १ अङ्क र सबैभन्दा बढी ल्याउनेले ९० अङ्क ल्याउनुले व्याकरणिक कोटिको प्रयोग क्षमतामा निकै दुरी बनाएको छ ।

### ४.१.१ लिङ्गको प्रयोग क्षमता

व्याकरणिक कोटि अन्तर्गतको एक कोटिका रूपमा लिङ्ग रहेको हुन्छ । लिङ्गले भाले र पोथी जनाउँछ । प्रस्तुत शोधमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा लिङ्ग परिवर्तन क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका २**

**लिङ्ग कोटि सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ६३९ |
| औसत अङ्क | ६.३९ |
| मानक विचलन | २.३७ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा एक सय जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ६३९ रहेको छ । प्राप्ताङ्कको औसत अङ्क ६.३९ देखिन्छ । उक्त औसत अङ्क कुल पूर्णाङ्कको पचास प्रतिशत भन्दा माथि रहेको छ । मानक विचलन २.३७ रहेको छ । मानक विचलन जति कम भयो त्यति प्राप्ताङ्क सन्तुलन रहने भएको यहाँ मानक विचलन कम भएकाले कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको लिङ्ग कोटिको प्रयोग क्षमता मध्यम स्तरको रहेको प्रस्ट हुन्छ । सबैभन्दा बढी ल्याउनेको अङ्क ९ र कम अङ्क ल्याउनेको १ भएकाले यी दुईबिचको अन्तर ८ हुन आउँछ, जुन मध्यमान नजिक रहेको भए पनि निम्न र उच्च प्राप्ताङ्कका बिचमा अन्तर भएकाले प्राप्ताङ्कहरु असन्तुलित रहेको पाइन्छ ।

### ४.१.२ वचनको प्रयोग क्षमता

वचन सङ्ख्या जनाउने व्याकरणात्मक कोटि हो । नेपालीमा एउटालाई बुझाउनेलाई एक वचन र एक भन्दा बढीलाई बुझाउनेलाई बहु वचन भनिन्छ । प्रस्तुत शोधमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा वचन प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका ३**

**वचन कोटि सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ६८६ |
| औसत अङ्क | ६.८६ |
| मानक विचलन | २.८५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा एक सय जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ६८६ पाइन्छ । प्राप्ताङ्कको औसत अङ्क ६.८६ रहेको छ भने उक्त अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशत भन्दा माथि रहेको छ । सबै भन्दा बढी अङ्क ९ र सबैभन्दा कम अङ्क २ रहेको छ । यहाँ मानक विचलन २.८५ रहेको छ । मानक विचलन कम रहेकाले कथा सातमा अध्ययनरत विद्यार्थीहरुको वचन कोटिको प्रयोग क्षमता मध्यम रहेको पाइन्छ ।

### ४.१.३ पुरुषको प्रयोग क्षमता

वक्ता, श्रोता र विषयका बारेमा जानकारी गराउने व्याकरणात्मक कोटिलाई पुरुष भनिन्छ । नेपाली व्याकरणमा प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष रहेका छन् । प्रस्तुत शोधमा व्याकरणिक कोटि अन्तर्गत कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा पुरुष कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. ४**

**पुरुष कोटि सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ५६१ |
| औसत अङ्क | ५.६१ |
| मानक विचलन | ३.३ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा एक सय जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ५६१ रहेको छ । प्राप्ताङ्कको औसत अङ्क ५.६.१ रहेको छ । उक्त औसत अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशत भन्दा माथि रहेको देखिन्छ । सबैभन्दा बढी अङ्क ९ र कम अङ्क १ रहेको पाइन्छ । यसमा मानक विचलन ३.३ रहेको पाइन्छ । मानक विचलन अन्य कोटि भन्दा बढी भएकाले विद्यार्थीहरुको पुरुष कोटि सम्बन्धी प्रयोग क्षमता सामान्य रहेको छ ।

### ४.१.४ आदरको प्रयोग क्षमता

व्यक्तिलाई सम्मान गर्न प्रयोग गरिने शब्दको व्याकरणिक कोटिलाई आदर भनिन्छ । नेपाली व्याकरणमा शून्य, निम्न, मध्यम, उच्च र अत्युच्च गरी पाँच प्रकारका आदर छन् । प्रस्तुत शोधमा व्याकरणिक कोटि अन्तर्गत कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा आदर कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. ५**

**आदर कोटि सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ६०९ |
| औसत अङ्क | ६.०९ |
| मानक विचलन | ३.२२ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा एक सय जना विद्यार्थीहरुले प्राप्त गरेको योग ६०९ रहेको छ । प्राप्ताङ्कको औसत अङ्क ६.०९ रहेको छ । त्यस्तै सबैभन्दा कम प्राप्ताङ्क २ र सबैभन्दा बढी प्राप्ताङ्क ९ रहेको छ । ती दुईको बिचको अन्तर ७ हुन आउँछ । यसलाई हेर्दा मध्यमान देखि तल माथि प्राप्ताङ्क वितरण सन्तुलित नै रहेको भए पनि निम्न र उच्च प्राप्ताङ्कका बिचको अन्तर बढी रहेकाले प्राप्ताङ्कहरु असन्तुलित रहेका छन् । त्यस्तै मानक विचलन सामान्य रहेकाले विद्यार्थीहरुको आदर कोटिको प्रयोग क्षमता सामान्य रहेको छ ।

### ४.१.५ कालको प्रयोग क्षमता

काल भन्नाले समयलाई बुझाउँछ । नेपाली व्याकरणमा काललाई वर्तमान, भूतकाल, भविष्यत्काल गरी तिन प्रकारमा वर्गीकरण गरिएको छ । प्रस्तुत शोधमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा काल कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

## तालिका नं. ६

## काल कोटि सम्बन्धी स्थिति

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ४३५ |
| औसत अङ्क | ४.३५ |
| मानक विचलन | ३.२२ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा एक सय जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ४३५ रहेको छ । प्राप्ताङ्कको औसत अङ्क ४३५ रहेको देखिन्छ । उक्त औसत अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशत भन्दा कम रहेको छ । प्राप्ताङ्कमा सबैभन्दा बढी अङ्क ९ र सबैभन्दा कम अङ्क २ रहेको छ । जसको अन्तर सात हुन्छ । यसलाई हेर्दा मध्यमान भन्दा निकै बढी रहेकाले प्राप्ताङ्क वितरण असन्तुलित रहेको छ । त्यसै गरी मानक विचलन पनि सामान्य रहेकाले विद्यार्थीहरुको काल कोटिको प्रयोग क्षमता सामान्य रहेको देखिन्छ ।

### ४.१.६ पक्षको प्रयोग क्षमता

कालका विभिन्न अवस्था हुन्छन् ती विशेष अवस्थालाई पक्ष भनिन्छ । नेपाली व्याकरणमा सामान्य, अपूर्ण, पूर्ण अज्ञात र अभ्यस्त गरी पाँच रहेका छन् । प्रस्तुत शोधमा व्याकरणिक कोटि अन्तर्गत कक्ष सातमा अध्ययनरत विद्यार्थीहरुमा पक्ष कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. ७**

**काल कोटि सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ५५४ |
| औसत अङ्क | ५.५४ |
| मानक विचलन | १.९१ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा एक सय जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ५५४ रहेको छ । प्राप्ताङ्कको औसत अङ्क ५५४ रहेको देखिन्छ । उक्त औसत अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशत भन्दा बढी रहेको छ । मानक विचलन १.९१ रहेको छ । मानक विचलन जति कम भयो प्राप्ताङ्क सन्तुलित रहने भएकाले यहाँ मानक विलचन कम रहेकाले विद्यार्थीहरुको पक्ष कोटिको प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ४.१.७ भावको प्रयोग क्षमता

अभिव्यक्तिको आशयलाई भाव भनिन्छ । क्रियापदले जनाउन भावमा वक्ता वा लेखकका सामान्य, आज्ञा, इच्छा, सम्भावना, सङ्केत र प्रश्नार्थक जस्ता मनसाय व्यक्त हुन्छन् । नेपाली व्याकरणमा यिनै भाव समावेश रहेका छन् । प्रस्तुत शोधमा व्याकरणिक कोटि अन्तर्गत कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा भाव कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. ८**

**भाव कोटि सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ५६८ |
| औसत अङ्क | ५.६८ |
| मानक विचलन | ३.४० |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा एक सय जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ५६८ रहेको देखिन्छ । प्राप्ताङ्कको औसत अङ्क ५.६८ रहेको छ । उक्त औसत अङ्क पूर्णाङ्कको ५० प्रतिशत भन्दा माथि रहेको छ । प्राप्ताङ्कमा सबैभन्दा बढी अङ्क ९ र सबैभन्दा कम अङ्क २ रहेको छ । मानक विचलन अन्य कोटिको भन्दा बढ्दो क्रममा रहेको छ । उक्त मानक विचलन सामान्य रहेकाले विद्यार्थीहरुको भाव कोटिको प्रयोग क्षमता सामान्य रहेको देखिन्छ ।

### ४.१.८ वाच्यको प्रयोग क्षमता

वाक्यमा कर्ता, कर्म र भाव (क्रिया) मध्ये कुनै एक प्रमुख हुने व्याकरणात्मक कोटिलाई वाच्य भनिन्छ । नेपाली व्याकरणमा कर्तृ वाच्य, कर्म वाच्य र भाव वाच्य गरी तिन प्रकारका वाच्य छन् । प्रस्तुत शोधमा व्याकरणिक कोटि अन्तर्गत कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा वाच्य कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. ९**

**वाच्य कोटि सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ५२८ |
| औसत अङ्क | ५.२८ |
| मानक विचलन | ३.३५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा एक सय जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ५२८ रहेको देखिन्छ । प्राप्ताङ्कको औसत अङ्क ५.२८ रहेको छ । उक्त औसत अङ्क पूर्णाङ्कको ५० प्रतिशत भन्दा माथि रहेको छ । प्राप्ताङ्कमा सबैभन्दा बढी अङ्क ९ र सबैभन्दा कम अङ्क २ रहेको छ । मानक विचलन सामान्य रहेकाले विद्यार्थीहरुको वाच्य कोटि प्रयोग क्षमता सामान्य रहेको पाइन्छ ।

### ४.१.९ ध्रुव्रीयताको प्रयोग क्षमता

करण र अकरणलाई एउटै शब्दमा व्यक्त गर्न ध्रुवीयता शब्दको प्रयोग गरिन्छ । वाक्यले सकारात्मक अर्थ दिन्छ भने करण वाक्य र नकारात्मक अर्थ दिन्छ भने अकरण वाक्य भनिन्छ । प्रस्तुत शोधमा व्याकरणिक कोटि अन्तर्गत कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा ध्रुवीयता कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १०**

**ध्रुवीयता कोटि सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ६४२ |
| औसत अङ्क | ६.४२ |
| मानक विचलन | २.७ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा एक सय जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ६४२ रहेको देखिन्छ । प्राप्ताङ्कको औसत अङ्क ६.४२ रहेको छ । उक्त औसत अङ्क पूर्णाङ्कको ५० प्रतिशत भन्दा माथि रहेको छ । प्राप्ताङ्कमा सबैभन्दा बढी अङ्क ९ र सबैभन्दा कम अङ्क १ रहेको छ । मानक विचलन २.७ रहेको छ । मानक विचलन मध्यम रहेकाले ध्रुवीयता कोटिको प्रयोग क्षमता मध्यम रहेको छ ।

माथिका तालिककामा प्रस्तुत मानाङ्क अनुसार कैलाली जिल्लामा अध्ययनरत कक्षा सातका विद्यार्थीहरुमा व्याकरणिक कोटिको क्षमता सन्तोषजनक रहेको देखिन्छ । व्याकरणिक कोटि अन्तर्गत लिङ्ग, वचन, ध्रुवीयता कोटिको प्रयोग क्षमता मध्यम र पुरुष, आदर, काल, भाव, वाच्य कोटिको प्रयोग क्षमता सामान्य तथा पक्ष कोटिको प्रयोग राम्रो रहेको देखिन्छ ।

## अध्याय पाँच

# विद्यालयको प्रकृतिका आधारमा व्याकरणिक कोटिको प्रयोग क्षमता

प्रस्तुत अध्ययन कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमतामा आधारित रहेको छ । उक्त क्षेत्रमा सामुदायिक तथा संस्थागत विद्यालय रहेकाले दुबै विद्यालयका विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमता समान नहुने भएकाले यस अध्ययन कार्यमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुलाई नमुना छनोटका रूपमा लिइएको छ। दुबै विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको नतिजालाई तुलना गरी व्याख्या विश्लेषण गरिएको छ :

## ५.१ सामुदायिक र संस्थागत विद्यालयको समग्रात्मक क्षमता

प्रस्तुत शोध कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमता आधारित रहेको छ । उक्त शोध पाँच वटा सामुदायिक विदयालय र पाँच वटा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको परीक्षणमा आधारित छ। सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको प्रयोग क्षमतामा कस्तो विविधता देखापर्दछ भन्ने कुरा अध्ययनको विषय रहेको छ। प्रस्तुत शोधमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमतालाई तालिकाका माध्यमबाट निम्नानुसार स्पष्ट पार्दै व्याख्या विश्लेषण गरिएको छ :

**तालिका नं. ११**

**सामुदायिक र संस्थागत विद्यालयको समग्रात्मक स्थिति**

| सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|
| प्राप्ताङ्कको कुल योग | २५३४ | प्राप्ताङ्कको कुल योग | ३४५० |
| औसत अङ्क | ५०.६८ | औसत अङ्क | ६९ |
| मानक विचलन | २२.३४ | मानक विचलन | १२.८२ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९० | सबैभन्दा बढी प्राप्ताङ्क | ९० |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | सबैभन्दा कम प्राप्ताङ्क | ३९ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | जम्मा विद्यार्थी सङ्ख्या | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकामा प्रस्तुत गरे अनुसार सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको कुल प्राप्ताङ्क योग २५३४, औसत अङ्क ५०.६८, मानक विचलन २०.३४ रहेको छ । त्यसै गरी संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको कुल प्राप्ताङ्क योग ३४५०, औसत अङ्क ६९, मानक विचलन १२.८२ रहेको छ । औसत अङ्क जति बढी र मानक विचलन जति कम भयो त्यति नै व्याकरणिक कोटिको प्रयोग क्षमता बढी हुन्छ । प्रस्तुत अध्ययनबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको भन्दा संस्थागत विद्यालयमा अध्ययन विद्यार्थीहरुको औसत अङ्क बढी र मानक विचलन कम भएकाले समग्रमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको भन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमता राम्रो रहेको प्रस्ट हुन्छ ।

### ५.१.१ लिङ्गको प्रयोग क्षमता

लिङ्ग कोटि व्याकरणिक कोटिको एउटा सूचक हो । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा लिङ्ग कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १२**

**लिङ्ग कोटि सम्बन्धी स्थिति**

| लिङ्ग कोटि | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | ३०३ | ३४५ |
| औसत अङ्क | ६.०६ | ६.९ |
| मानक विचलन | ४.१७ | १.५६ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका पचास जना विद्यार्थीहरुले प्राप्त गरेको कुल अङ्क ३०३, औसत अङ्क ६.०६, मानक विचलन ४.१७

रहेको छ । संस्थागत विद्यालयका पचास जना विद्यार्थीहरुले प्राप्त गरेको कुल अङ्क ३४५, औसत, अङ्क ६.९, मानक विचलन १.५६ रहेको छ । त्यसैले उनीहरुको लिङ्ग कोटिको प्रयोग क्षमता राम्रो छ ।

### ५.१.२ वचनको प्रयोग क्षमता

प्रस्तुत शोधमा सामुदायिक र संस्थागत विद्यालयहरुमा अध्ययनरत कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले व्याकरणिक कोटि अन्तर्गत वचन कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १३**

**वचन कोटि सम्बन्धी स्थिति**

| वचन कोटि | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | ३०८ | ३७९ |
| औसत अङ्क | ६.१६ | ७.५८ |
| मानक विचलन | ३.४ | २.०२ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दस अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क ३०८, औसत अङ्क ६.१६ र मानक विचलन ३.४ रहेको छ । त्यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरुको कुल प्राप्ताङ्क ३७९, औसत अङ्क ७.५८ र मानक विचलन २.०२ रहेको छ । अतः सामुदायिक विद्यालयका विद्यार्थीहरुका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको औषत अङ्क बढी र मानक कम रहेको देखिन्छ । त्यसैले उनीहरुको वचन कोटिको प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ५.१.३ पुरुषको प्रयोग क्षमता

प्रस्तुत शोधमा कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुमा पुरुष कोटिको क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १४**

**पुरुष कोटि सम्बन्धी स्थिति**

| पुरुष कोटि | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | २३८ | ३३२ |
| औसत अङ्क | ४.७६ | ६.६४ |
| मानक विचलन | ३.५५ | ३.१९ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क २३८, औसत अङ्क ४७६, मानक विचलन ३.५५ रहेको छ । अर्कोतिर संस्थागत विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क ३३२, औसत अङ्क ६.६४, मानक विचलन ३.१९ रहेको छ । यस तालिकामा तथ्याङ्कबाट सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको पुरुष कोटिको प्रयोग क्षमता राम्रो रहेको पाइन्छ ।

### ५.१.४ आदरको प्रयोग क्षमता

प्रस्तुत शोधमा सामुदायिक र संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणात्मक कोटि अन्तर्गत आदर कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १५**

**आदर कोटि सम्बन्धी स्थिति**

| आदर कोटि | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | २९२ | ३२६ |
| औसत अङ्क | ५.८४ | ६.५२ |
| मानक विचलन | २.५७ | ३.२२ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | ३ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको जम्मा प्राप्ताङ्क २९२, औषत अङ्क ५.८४, मानक विचलन २.५७ रहेको छ । त्यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको जम्मा प्राप्ताङ्क ३२६, औसत अङ्क ६.५२ र मानक विचलन ३.२२ रहेको छ । समग्रमा संस्थागत विद्यालयका विद्यार्थीहरुको प्राप्ताङ्कको औसत अङ्क सामुदायिक विद्यालयको बढी भएकाले संस्थागत विद्यालयका विद्यार्थीहरुको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको आदर कोटिको प्रयोग क्षमता राम्रो छ ।

### ५.१.५ कालको प्रयोग क्षमता

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको काल कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

तालिका नं. १६

काल कोटि सम्बन्धी स्थिति

| काल कोटि | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १४७ | २८८ |
| औसत अङ्क | २.९४ | ५.७६ |
| मानक विचलन | ३.३९ | ३.१० |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको जम्मा प्राप्ताङ्क १४७, औसत अङ्क २.९४ रहेको छ । जुन पूर्णाङ्कको पचास प्रतिशत भन्दा कम रहेको छ । जुन नकारात्मक नतिजा हो । त्यसै गरी यसको मानक विचलन ३.३९ रहेको छ । त्यसै गरी संस्थागत विद्यालयको विद्यार्थीहरुले प्राप्त गरेको जम्मा कुल अङ्क २८८, औसत अङ्क ५.७६ र मानक विचलन ३.१० रहेको छ । यसरी हेर्दा औसत अङ्क बढी र मान विचलन कम भएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरुको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको काल कोटिको प्रयोग क्षमता राम्रो रहेको छ ।

### ५.१.६ पक्षको प्रयोग क्षमता

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पक्ष कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १७**

**पक्ष कोटि सम्बन्धी स्थिति**

| पक्ष कोटि | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | २.३८ | ३२८ |
| औसत अङ्क | ४.७६ | ६.५६ |
| मानक विचलन | ३.३३ | २.०७ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | ४ | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग २३८, औसत अङ्क ४.७६ रहेको छ । जुन औसत अङ्क पूर्णाङ्कको पचास प्रतिशत भन्दा कम रहेको छ । यसले नकारात्मक नतिजा बुझाउँदछ । मानक विचलन ३.३३ रहेको पाइन्छ । त्यसै गरी संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग ३२८, औसत अङ्क ६.५६ र मानक विचलन २.०७ रहेको देखिन्छ । औसत अङ्क बढी र मानक विचलन कम भएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरुको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको पक्ष कोटिको प्रयोग क्षमता राम्रो छ ।

### ५.१.७ भावको प्रयोग क्षमता

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको भाव कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १८**

**भाव कोटि सम्बन्धी स्थिति**

| भाव कोटि | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | २४५ | ३१६ |
| औसत अङ्क | ४.९ | ६.३२ |
| मानक विचलन | ३.६६ | ३.२३ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | ३ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग २४५, औसत अङ्क ४.९, जुन कुल पूर्णाङ्कको पचास प्रतिशत भन्दा कम रहेको छ । मानक विचलन ३.६६ रहेको पाइन्छ । त्यसै गरी संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग ३१६, औसत अङ्क ६.३२, मानक विचलन ३.२३ रहेको देखिन्छ । यस तथ्याङ्कबाट पनि सामुदायिक विद्यालयको विद्यार्थीहरु भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको भाव कोटिको प्रयोग क्षमता राम्रो देखिन्छ ।

### ५.१.८ वाच्यको प्रयोग क्षमता

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वाच्य कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

### तालिका नं. १९

### वाच्य कोटि सम्बन्धी स्थिति

| वाच्य कोटि | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १९९ | ३३८ |
| औसत अङ्क | ३.९८ | ६.७६ |
| मानक विचलन | ३.४३ | २.५९ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क योग १९९, औसत अङ्क ३.९८, जुन कुल पूर्णाङ्कको पचास प्रतिशत भन्दा कम रहेको छ । जसलाई नकारात्मक अङ्क भन्न सकिन्छ । मानक विचलन ३.४३ रहेको छ । त्यसै गरी संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग ३३८, औसत अङ्क ६.७६, मानक विचलन २.५९ रहेको छ । यस तथ्याङ्कबाट बढ्दो औसत अङ्क र कम मानक विचलन भएको कारण सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वाच्य कोटि प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ५.१.९ ध्रुवीयताको प्रयोग क्षमता

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको भाव कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २०**

**ध्रुवीयता कोटि सम्बन्धी स्थिति**

| ध्रुवीयता कोटि | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | २६२ | ३७० |
| औसत अङ्क | ५.२४ | ७.४ |
| मानक विचलन | २.९८ | २.४८ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क योग २६२, औसत अङ्क ५.२४, मानक विचलन २.९८ रहेको देखिन्छ । त्यसै गरी संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क योग ३७०, औसत अङ्क ७.४, मानक विचलन २.४८ रहेको पाइन्छ । यस तथ्यबाट औसत अङ्क बढी र मानक विचलन अङ्क कम भएकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको भन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको ध्रुवीयता कोटिको प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

माथिका तालिकामा प्रस्तुत प्राप्ताङ्क अनुसार कैलाली जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत कक्षा सातका विद्यार्थीहरुमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

**अध्याय छ**

# लैङ्गिकताका आधारमा व्याकरणिक कोटिको प्रयोग क्षमता

प्रस्तुत अध्ययन कैलाली जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमतामा आधारित रहेको छ । यस अध्ययनमा उक्त क्षेत्रका दश विद्यालयलाई नमुना छनोट गरिएको छ । उक्त विद्यालयमा छात्र र छात्रा विद्यार्थीहरु रहेकाले उनीहरुमध्ये कसको व्याकरणिक कोटिको प्रयोग क्षमता राम्रो रहेको छ भन्ने उद्देश्यलाई पुरा गर्न पाँच वटा सामुदायिक र पाँच वटा संस्थागत विद्यालयका ५० जना छात्र र ५० जना छात्रा विद्यार्थीहरुमा परीक्षण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## ६.१ छात्र छात्राको समग्रात्मक क्षमता

यस शीर्षकमा व्याकरणिक कोटिको प्रयोग क्षमतामा लैङ्गिकताको कस्तो प्रभाव पर्दछ भन्ने विषयमा आधारित रहेको छ । छात्र विद्यार्थी अथवा छात्रा विद्यार्थीहरुमा कसको प्रयोग क्षमता राम्रो भन्ने उद्देश्यका साथ प्रस्तुत शोध तयार पारिएको छ । त्यसैले प्रस्तुत शोधपत्रमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको लैङ्गिकताका आधारमा व्याकरणिक कोटिको प्रयोग क्षमतालाई तालिकाका माध्यमबाट निम्नानुसार स्पष्ट पार्दै व्याख्या विश्लेषण गरिएको छ :

**तालिका नं. २१**

**छात्र र छात्राको समग्रात्मक स्थिति**

| व्याकरणिक कोटि | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | ३०४८ | २९८० |
| औसत अङ्क | ६०.९६ | ५९.६ |
| मानक विचलन | १९.७ | १८.९७ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९० | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा सय पूर्णाङ्कको प्रश्नको परीक्षामा पचास जना छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क ३०४८, औसत अङ्क ६०.९६ र मानक विचलन १९.७ रहेको छ । त्यसै गरी छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क २९८०, औसत अङ्क ५९.६ र मानक विचलन १८.९७ रहेको देखिन्छ । छात्र विद्यार्थीहरुको औसत अङ्क छात्रा विद्यार्थीहरुको भन्दा बढी रहेकाले छात्रा भन्दा छात्र विद्यार्थीहरुको व्याकरणिक कोटि प्रयोग क्षमता अब्बल देखिन्छ । छात्रहरुको मानक विचलन बढी आएकाले तथ्याङ्कहरुका बिचमा सन्तुलन कम रहेको देखिन्छ ।

### ६.१.१ लिङ्गको प्रयोग क्षमता

लिङ्ग कोटि व्याकरणिक कोटिको एउटा सूचक हो । यस शीर्षकमा छात्र र छात्रा विद्यार्थीहरुको लिङ्ग कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २२**

**लिङ्ग कोटि सम्बन्धी स्थिति**

| लिङ्ग कोटि | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | ३१० | ३२७ |
| औसत अङ्क | ६.२ | ६.२४ |
| मानक विचलन | ३.१२ | ३.५१ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकामा दश अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क ३१०, औसत अङ्क ६.२ र मानक विचलन ३.१२ रहेको देखिन्छ । त्यसै गरी छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क ३२७, औसत अङ्क ६.५४ र मानक विचलन २.५१ रहेको छ । औसत अङ्क बढी र मानक विचलन कम भएमा लिङ्ग कोटिको प्रयोग

क्षमता राम्रो मानिन्छ । त्यसैले प्रस्तुत अध्ययनमा छात्र विद्यार्थीहरुको भन्दा छात्रा विद्यार्थीहरुको लिङ्ग कोटिको प्रयोग क्षमता राम्रो देखिन्छ ।

### ६.१.२ वचनको प्रयोग क्षमता

वचन कोटि व्याकरणिक कोटिको एक सूचक हो । यस शोधमा कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थी र छात्रा विद्यार्थीहरुको वचन कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २३**

**वचन कोटि सम्बन्धी स्थिति**

| वचन कोटि | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | ३५७ | ३४४ |
| औसत अङ्क | ७.१४ | ७.०८ |
| मानक विचलन | ३.०१ | ३.०४ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | ४ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकामा दश अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क ३५७ औसत अङ्क ७.१४ र मानक विचलन ३.०१ रहेको छ । त्यसै गरी छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग ३४४, औसत अङ्क ७.०८, मानक विचलन ३.०४ रहेको देखिन्छ । यस अध्ययनले छात्र विद्यार्थीहरुको औसत अङ्क छात्रा विद्यार्थीहरुको भन्दा बढी र मानक विचलन कम भएकाले वचन कोटिको प्रयोग क्षमता छात्रा विद्यार्थीको भन्दा छात्र विद्यार्थीहरुको बढी रहेका छ ।

### ६.१.३ पुरुषको प्रयोग क्षमता

पुरुष कोटि व्याकरणिक कोटिको एउटा सूचकका रूपमा रहेको छ । यस शोधमा व्याकरणिक कोटिका आधारमा कथा सातमा अध्ययनरत छात्र विद्यार्थी र छात्रा विद्यार्थीहरुको पुरुष कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २४**

**पुरुष कोटि सम्बन्धी स्थिति**

| पुरुष कोटि | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | ३०२ | २६१ |
| औसत अङ्क | ६.०४ | ५.२२ |
| मानक विचलन | ३.१६ | ३.९२ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल अङ्क ३०२, औसत अङ्क ६.०४, मानक विचलन ३.१६ रहेको छ । छात्रा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग २६१, औसत अङ्क ५.२२ र मानक विचलन ३.९२ रहेको छ । यस अध्ययनले औसत अङ्क बढी र मानक विचलन कम भएकाले छात्रा विद्यार्थीहरुको भन्दा छात्र विद्यार्थीहरुको प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.४ आदरको प्रयोग क्षमता

आदर कोटिको व्याकरणात्मक कोटिको एउटा सूचक हो । यस शोधपत्रमा व्याकरणिक कोटिका आधारमा कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थी र छात्रा विद्यार्थीमा वचन कोटि क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २५**

**आदर कोटि सम्बन्धी स्थिति**

| पुरुष कोटि | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | ३१२ | ३१६ |
| औसत अङ्क | ६.२४ | ६.३२ |
| मानक विचलन | ३.७४ | ४.३२ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल अङ्क ३१२, औसत अङ्क ६.२४ र मानक विचलन ३.७४ रहेको छ । त्यसै गरी छात्रा विद्यार्थीहरुको कुल प्राप्ताङ्कको योग ३१६, औसत अङ्क ६.३२ र मानक विचलन ४.३२ रहेको देखिन्छ । यहाँ छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले छात्रा विद्यार्थीहरुको आदर कोटि प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । छात्रा विद्यार्थीहरुको मानक विचलन बढी आएकाले उक्त तथ्याङ्कहरुका बिचमा सन्तुलन कम रहेको देखिन्छ ।

### ६.१.५ कालको प्रयोग क्षमता

काल कोटि व्याकरणिक कोटिको एउटा सूचक हो । यस शोधपत्रमा व्याकरणिक कोटिका आधारमा कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीहरु र छात्रा विद्यार्थीहरुका बिच काल कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २६**

**काल कोटि सम्बन्धी स्थिति**

| काल कोटि | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | २३८ | १९७ |
| औसत अङ्क | ४.७६ | ३.९४ |
| मानक विचलन | ३.४७ | ३.९३ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकामा दश अङ्कको प्रश्नमा छात्रले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग २३८, औसत अङ्क ४.७४, मानक विचलन ३.४७ रहेको छ । त्यसै गरी छात्राले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग १९७, औसत अङ्क ३.९४ र मानक विचलन ३.९३ रहेको छ । यस अध्ययनले छात्र र छात्रा दुवै विद्यार्थीहरुले प्राप्त गरेको औसत अङ्क कुल पूर्णाङ्कको पचास प्रतिशत भन्दा कम भएको देखिएको छ जुन नकारात्मक परिमाण हो । अतः मानक विचलन कम र औसत अङ्क बढी भएकाले छात्राको भन्दा छात्रको काल कोटिको प्रयोग क्षमता राम्रो रहेको छ ।

### ६.१.६ पक्षको प्रयोग क्षमता

पक्ष कोटिको व्याकरणात्मक कोटिको एउटा सूचक हो । यस शोधपत्रमा व्याकरणिक कोटिको आधारमा कक्षा सातमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरुको बिच पक्ष कोटिको क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २७**

**पक्ष कोटि सम्बन्धी स्थिति**

| पक्ष कोटि | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | २८३ | २७७ |
| औसत अङ्क | ५.६६ | ५.५४ |
| मानक विचलन | ३.०१ | ३.२८ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | ३ | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकामा दश अङ्कको प्रश्नमा छात्रले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग २८३, औसत अङ्क ५.६६ र मानक विचलन ३.०१ रहेको देखिन्छ । त्यसै गरी छात्राले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग २७७, औसत अङ्क ५.५४ र मानक विचलन ३.२८ रहेको छ । औसत अङ्क बढी र मानक विचलन कम भएकाले छात्रा भन्दा छात्रहरुको पक्ष कोटिको प्रयोग क्षमता राम्रो रहेको छ ।

**६.१.७ भावको प्रयोग क्षमता**

भाव कोटि व्याकरणात्मक कोटिको एउटा सूचक हो । यस शोधपत्रमा व्याकरणिक कोटिका आधारमा कक्षा सातमा अध्ययनरत छात्र र छात्राको बिच भाव कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २८**

**भाव कोटि सम्बन्धी स्थिति**

| भाव कोटि | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | २८१ | २८० |
| औसत अङ्क | ५.६२ | ५.६ |
| मानक विचलन | ३.६५ | ३.३५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकामा दश अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग २८१, औसत अङ्क ५.६२ र मानक विचलन ३.६५ रहेको छ । त्यसै गरी छात्राले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग २८०, औसत अङ्क ५.६ र मानक विचलन ३.३५ रहेको छ । औसत अङ्क छात्रहरुको बढी भएकाले छात्राको भन्दा छात्रको भाव कोटिको प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । छात्राहरुको मानक विचलन कम भएकाले उक्त तथ्याङ्कहरुका बिचमा सन्तुलन कम रहेको देखिन्छ ।

### ६.१.८ वाच्यको प्रयोग क्षमता

वाच्य कोटि व्याकरणिक कोटिको एउटा सूचकका रूपमा रहेको छ । यस शोधपत्रमा व्याकरणिक कोटिका आधारमा कक्षा सातमा अध्ययनरत छात्र र छात्राहरुको वाच्य कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २९**

**वाच्य कोटि सम्बन्धी स्थिति**

| वाच्य कोटि | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | २७७ | २५६ |
| औसत अङ्क | ५.५४ | ५.१२ |
| मानक विचलन | ३.४८ | ३.३५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा दश अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग २७७, औसत अङ्क ५.५४ र मानक विचलन ३.४८ रहेको देखिन्छ । त्यसै गरी छात्राहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग २५६, औसत अङ्क, ५.१२ र मानक विचलन ३.३५ रहेको देखिन्छ । औसत अङ्क बढी भएकाले छात्रहरुको वाच्य प्रयोग क्षमता छात्राहरुको भन्दा बढी छ तर मानक विचलन तुलनात्मक रूपमा छात्रहरुको बढी भएकाले तथ्याङ्कहरुका बिचमा सन्तुलन कम रहेको देखिन्छ ।

### ६.१.९ ध्रुवीयताको प्रयोग क्षमता

ध्रुवीयता कोटि व्याकरणिक कोटिको सूचकका रूपमा रहेको छ । यस शोधपत्रमा व्याकरणिक कोटिका आधारमा कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीहरु र छात्रा विद्यार्थीहरुको ध्रुवीयता कोटिको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं.३०**

**ध्रुवीयता कोटि सम्बन्धी स्थिति**

| ध्रुवीयता कोटि | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | ३१७ | ३२३ |
| औसत अङ्क | ६.२४ | ६.४६ |
| मानक विचलन | २.८९ | २.६५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ९ | ९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकामा प्रस्तुत दश अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग ३१७, औसत अङ्क ६.३४ र मानक विचलन २.८९ रहेको छ । त्यसै गरी छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कको योग ३२३, औसत अङ्क ६.४६ र मानक विचलन २.६५ रहेको छ । छात्रहरुको भन्दा छात्राहरुको औसत अङ्क बढी र मानक विचलन कम भएकाले छात्राहरुको ध्रुवीयता कोटिको प्रयोग क्षमता बढी रहेको देखिन्छ ।

उपर्युक्त तालिकामा प्रस्तुत प्राप्ताङ्कका आधारमा कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीहरुमा भन्दा छात्र विद्यार्थीहरुमा व्याकरणिक कोटिको प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । व्याकरणिक कोटि अन्तर्गत लिङ्ग, आदर र ध्रुवीयता कोटिको प्रयोग क्षमता छात्राहरुको राम्रो तथा वचन, पुरुष, काल, भाव,पक्ष, वाच्य कोटिको प्रयोग क्षमता छात्रहरुको राम्रो राम्रो देखिन्छ ।

## अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

भाषा विचार सम्प्रेषणको माध्यम हो । यो खास किसिमको व्यवस्थामा आधारित हुन्छ । यसका आफ्नै व्यवस्थाहरु हुन्छन्, जस मध्येको एक मुख्य व्यवस्था व्याकरण पनि हो । भाषाको संरचना र प्रयोगको व्यवस्थित वर्णनलाई व्याकरण भनिन्छ । व्याकरण शुद्ध लेख्न र बोल्न सिकाउने विधा हो । शरीरमा नशाको महत्त्व भएको भाषाको लागि व्याकरण शिक्षणको महत्त्व हुन्छ । व्याकरणिक सुझ र व्यवहार तथा अभ्यासहरुबाट व्याकरण सम्मत् शुद्ध प्रयोग गर्न सकिन्छ ।

प्रस्तुत शोधकार्यलाई पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैंठौ र सातौं गरी सात अध्यायमा वर्गीकरण गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ । यस अध्ययनमा अध्याय एक अन्तर्गत शोध परिचय र यस अन्तर्गत पनि पृष्ठभूमि, समस्या कथन, शोधकार्यको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता र अध्ययनको सीमाङ्कन आदि रहेका छन् । यस अध्ययनमा विभिन्न खालका समस्याहरु देखाइएका छन्, ती हुन कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमता कस्तो रहेको छ ?, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुमा व्याकरणिक कोटिको प्रयोग क्षमता कस्तो छ ?, लैङ्गिकताका आधारमा विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमता कस्तो रहेको छ ? सोही समस्याहरुलाई समाधान गर्नका लागि उद्देश्यहरु तयार पारिएका छन् । कैलाली जिल्लाका विद्यार्थीहरुको व्याकरणिक कोटिको क्षमता पत्ता लगाउनु, विद्यालयका प्रकृतिका आधारमा र लैङ्गिकताका आधारमा विद्यार्थीहरुको व्याकरणिक कोटि क्षमता पहिल्याउनु । यस अध्ययन उद्देश्यलाई पुरा गर्नका लागि सीमाङ्कन पनि गरिएको छ ।

अध्याय दुई अन्तर्गत पूर्वकार्यको समीक्षा जस अन्तर्गत पुस्तक समीक्षा र पूर्व शोधकार्यको समीक्षा गरिएको छ । सैद्धान्तिक प्रारूप अन्तर्गत व्याकरणको परिचय, व्याकरणको परिभाषा, व्याकरणको क्षेत्र र एकाइ, व्याकरणका प्रकार, व्याकरण शिक्षणको परिचय, आवश्यकता र महत्त्व, व्याकरण शिक्षणका समस्या, व्याकरण शिक्षणका प्रमुख विधिहरु, व्याकरण शिक्षण प्रभावकारी बनाउने उपायहरु, व्याकरणिक कोटि (लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, ध्रुवीयता) प्रस्तुत गरिएको छ ।

अध्याय तिनमा अध्ययन विधि र प्रक्रियालाई राखिएको छ । यसमा जनसङ्ख्या छनोट, नमुना छनोट, तथ्याङ्क सङ्कलन, प्रश्नावली निर्माण, पूर्व परीक्षण, वास्तविक परीक्षण, तथ्याङ्कको विश्लेषण गरिएको छ ।

अध्याय चारमा व्याकरणिक कोटि सम्बन्धी लेखन क्षमताको अध्ययन अन्तर्गत व्याकरणिक कोटि सम्बन्धी समग्रात्मक स्थिति, लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष, वाच्य र ध्रुवीयता सम्बन्धी प्रयोग क्षमताको स्थिति रहेको छ ।

अध्याय पाँचमा विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरुको व्याकरण कोटिको प्रयोग क्षमता अन्तर्गत सामुदायिक र संस्थागत विद्यालयको समग्रात्मक स्थिति, दुबै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको स्थिति रहेको छ ।

अध्याय छमा लैङ्गिकताका आधारमा विद्यार्थीहरुको व्याकरण कोटिको प्रयोग क्षमता अन्तर्गत छात्र र छात्राको समग्रात्मक व्याकरणिक कोटिको क्षमता रहेको छ ।

अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता अन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता रहेका छन् । उक्त बाहेक सन्दर्भ सामग्रीको सूची, परिशिष्ट र व्यक्तिवृत्त समेत राखी शोधकार्यलाई अन्तिम रूप दिइएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत शोधपत्र 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमता' शीर्षकमा तयार पारिएको छ । कैलाली जिल्लाका पाँच वटा सामुदायिक विद्यालयका र पाँच वटा संस्थागत विद्यालयका दश/दश जना विद्यार्थी छनोट गरी लिखित परीक्षा लिएर प्राप्ताङ्कका आधारमा औसत अङ्क र मानक विचलन निकाली तिनीहरुको तुलनाका आधारमा निष्कर्ष निकालेर तल प्रस्तुत गरिएको छ :

- समग्र दृष्टिले कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको प्राप्ताङ्कको औसत अङ्क ५९.८४ र मानक विचलन २१.३४ रहेकाले समग्र व्याकरणिक कोटि प्रयोग क्षमता मध्यम स्तरको रहेको छ ।
- व्याकरणिक कोटिको सूचक अन्तर्गत समग्र लिङ्ग कोटिको औसत ६.३९ र मानक विचलन २.३७ रहेकाले समग्र लिङ्ग कोटिको प्रयोग क्षमता मध्यम स्तरको रहेको छ ।

- व्याकरणिक कोटिको सूचक अन्तर्गत समग्र वचन कोटिको औसत अङ्क ६.८६ र मानक विचलन २.८५ र रहेकाले वचन कोटिको प्रयोग क्षमता मध्यम स्तरको रहेको छ।
- व्याकरणिक कोटिको सूचक अन्तर्गत समग्र पुरुष कोटिको औसत अङ्क ५.६१ र मानक विचलन ३.३ र रहेकाले पुरुष कोटिको प्रयोग क्षमता मध्यम स्तरको रहेको छ।
- व्याकरणिक कोटिको सूचक अन्तर्गत समग्र आदर कोटिको औसत अङ्क ६.०९ र र मानक विचलन २.५८ रहेकाले आदर कोटिको प्रयोग क्षमता सन्तोष जनक रहेको छ।
- व्याकरणिक कोटिको सूचक अन्तर्गत समग्र पुरुष कोटिको औसत अङ्क ४.३५ र र मानक विचलन ३.२२ उक्त औसत अङ्क पूर्णाङ्क पचास प्रतिशत भन्दा कम रहेकाले काल कोटिको प्रयोग क्षमता निम्न स्तरको रहेको छ।
- व्याकरणिक कोटिको सूचक अन्तर्गत समग्र पक्ष कोटिको औसत अङ्क ५.५४ र मानक विचलन १.९१ रहेकाले पक्ष कोटिको प्रयोग क्षमता मध्यम स्तरको रहेको छ।
- व्याकरणिक कोटिको सूचक अन्तर्गत समग्र भाव कोटिको औसत अङ्क ५.६८ र मानक विचलन ३.४० रहेकाले भाव कोटिको प्रयोग क्षमता मध्यम स्तरको रहेको छ।
- व्याकरणिक कोटिको सूचक अन्तर्गत समग्र वाच्य कोटिको औसत अङ्क ५.२८ र मानक विचलन ३.३५ रहेकाले वाच्य कोटिको प्रयोग क्षमता मध्यम स्तरको रहेको छ।
- व्याकरणिक कोटिको सूचक अन्तर्गत समग्र पुरुष कोटिको औसत अङ्क ६.४२ र मानक विचलन २.७ रहेकाले ध्रुवीयता कोटिको प्रयोग क्षमता मध्यम राम्रो रहेको छ।
- सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको समग्र व्याकरणिक कोटिको प्रयोग क्षमता हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको औसत अङ्क ५०.०८ र संस्थागत विद्यालयको औसत अङ्क ६९ रहेको छ। यसका आधारमा हेर्दा संस्थागत विद्यालयको विद्यार्थीहरुको औसत अङ्क १८.३२ अङ्कले अगाडि रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरुको व्याकरणिक कोटि प्रयोग क्षमता बढी रहेको छ।

- व्याकरणिक कोटिको सूचक लिङ्ग कोटिको प्रयोग क्षमता अन्तर्गत सामुदायिक विद्यालय विद्यार्थीहरुको औसत अङ्क ६.६ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहको औसत अङ्क ६.९ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरुको ०.३ औसत अङ्क बढी भएकाले उनीहरुको लिङ्ग कोटिको प्रयोग क्षमता बढी छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको वचन कोटिको औसत अङ्क ६.१६ र संस्थागत विद्यालयका विद्यार्थीहरुको वचन कोटिको औसत अङ्क ७.५८ रहेको छ । यसका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको १.४२ अङ्कले औसत अङ्क बढी भएकाले उनीहरुको वचन कोटि प्रयोग क्षमता बढी छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको पुरुष कोटिको औसत अङ्क ४.७६ र संस्थागत विद्यालयका विद्यार्थीहरुको पुरुष कोटिको औसत अङ्क ६.६४ रहेको छ । यसका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको १.८८ अङ्कले औसत अङ्क बढी भएकाले उनीहरुको पुरुष कोटिको प्रयोग क्षमता बढी छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको आदर कोटिको औसत अङ्क ५.८४ र संस्थागत विद्यालयका विद्यार्थीहरुको आदर कोटिको औसत अङ्क ६.५२ रहेको छ । यसका आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको आदर कोटि औसत ०.६८ बढी भएको उनीहरुको आदर कोटिको प्रयोग क्षमताको बढी छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको काल कोटिको औसत अङ्क २.९४ र संस्थागत विद्यालयका विद्यार्थीहरुको काल कोटिको औसत अङ्क ५.७६ रहेको छ । यसका आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको २.८२ औसत अङ्क बढी भएकाले उनीहरुको काल कोटिको प्रयोग क्षमता बढी छ
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको पक्ष कोटिको औसत अङ्क ४.७६ र संस्थागत विद्यालयका विद्यार्थीहरुको पक्ष कोटिको औसत अङ्क ६.५६ रहेको छ । यसका आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको १.८ औसत अङ्क बढी भएकाले उनीहरुको पक्ष कोटिको प्रयोग क्षमता बढी छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको भाव कोटिको औसत अङ्क ४.९ र संस्थागत विद्यालयका विद्यार्थीहरुको भाव कोटिको औसत अङ्क ६.३२ रहेको छ ।

यसका आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको १.४२ औसत अङ्क बढी भएकाले उनीहरुको भाव कोटिको प्रयोग क्षमता बढी छ ।

- सामुदायिक विद्यालयका विद्यार्थीहरुको वाच्य कोटिको औसत अङ्क ३.९८ र संस्थागत विद्यालयका विद्यार्थीहरुको वाच्य कोटिको औसत अङ्क ६.७६ रहेको छ । यसका आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको २.७८ औसत अङ्क बढी भएकाले उनीहरुको वाच्य कोटिको प्रयोग क्षमता बढी छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको ध्रुवीयता कोटिको औसत अङ्क ५.२४ र संस्थागत विद्यालयका विद्यार्थीहरुको ध्रुवीयता कोटिको औसत अङ्क ७.४ रहेको छ । यसका आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको ध्रुवीयता कोटिको औसत अङ्क २.१६ बढी भएकाले उनीहरुको ध्रुवीयता कोटिको प्रयोग क्षमता बढी छ ।
- लैङ्गिकताका आधारमा समग्र व्याकरणिक कोटिको प्रयोग क्षमता हेर्दा छात्रको औसत अङ्क ६०.९६ र छात्राको औसत अङ्क ५९.६ रहेको छ । यसका आधारमा हेर्दा छात्रको औसत अङ्क १.३६ बढी भएकाले छात्रको समग्र व्याकरणिक कोटिको क्षमता बढी छ ।
- लैङ्गिकताका आधारमा लिङ्ग कोटिको प्रयोग क्षमता हेर्दा छात्रको औसत अङ्क ६.२ र छात्राको औसत अङ्क ६.५४ रहेको छ । यसका आधारमा हेर्दा छात्राको औसत अङ्क ०.३४ बढी भएकाले छात्राको लिङ्ग कोटिको प्रयोग क्षमता बढी छ ।
- लैङ्गिकताका आधारमा वचन कोटिको प्रयोग क्षमता हेर्दा छात्रको औसत अङ्क ७.१४ र छात्राको औसत अङ्क ६.८८ रहेको छ । यसका आधारमा हेर्दा छात्रको औसत अङ्क ०.२६ बढी भएकाले छात्रको वचन कोटिको प्रयोग क्षमता बढी छ ।
- लैङ्गिकताका आधारमा पुरुष कोटिको प्रयोग क्षमता छात्रको औसत अङ्क ६.०४ र छात्राको औसत अङ्क ५.२२ रहेको छ । यसका आधारमा हेर्दा छात्रको औसत अङ्क ०.८२ बढी भएकाले छात्रको पुरुष कोटिको प्रयोग क्षमता बढी छ ।

- लैङ्गिकताका आधारमा आदर कोटिको प्रयोग क्षमता हेर्दा छात्रको औसत अङ्क ६.२४ र छात्राको औसत अङ्क ०.०८ ले बढी रहेकाले छात्राको आदर कोटिको प्रयोग क्षमता बढी छ ।
- लैङ्गिकताका आधारमा काल कोटिको प्रयोग क्षमता हेर्दा छात्रको औसत अङ्क ४.७६ र छात्राको ३.९४ औसत अङ्क रहेको छ । यसका आधारमा हेर्दा छात्रको औसत ०.८२ बढी भएकाले छात्रको काल कोटिको प्रयोग क्षमता बढी छ ।
- लैङ्गिकताका आधारमा पक्ष कोटिको प्रयोग क्षमता हेर्दा छात्रको औसत अङ्क ५.६६ र छात्राको औसत अङ्क ५.५४ रहेको छ । यसका आधारमा हेर्दा छात्रको औसत अङ्क ०.१२ बढी भएकाले छात्रको पक्ष कोटिको प्रयोग क्षमता बढी छ ।
- लैङ्गिकताका आधारमा भाव कोटिको प्रयोग क्षमता हेर्दा छात्रको औसत अङ्क ५.६२ र छात्राको औसत अङ्क ५.६ रहेको छ । यसका आधारमा हेर्दा छात्रको औसत अङ्क ०.०२ बढी भएकाले छात्रको भाव कोटिको प्रयोग क्षमताको बढी छ ।
- लैङ्गिकताका आधारमा वाच्य कोटिको प्रयोग क्षमता हेर्दा छात्रको औसत अङ्क ५.५४ र छात्राको औसत अङ्क ५.१२ रहेको छ । यसका आधारमा हेर्दा छात्रको औसत अङ्क ०.४२ बढी भएकाले छात्रको वाच्य कोटिको प्रयोग क्षमता बढी छ ।
- लैङ्गिकताका आधारमा ध्रुवीयता कोटिको प्रयोग क्षमता हेर्दा छात्रको औसत अङ्क ६.३४ र छात्राको औसत अङ्क औसत अङ्क ६.४६ रहेको छ । यसका आधारमा हेर्दा छात्राको औसत अङ्क ०.१२ बढी भएकाले छात्राको ध्रुवीयता कोटिको प्रयोग क्षमता बढी छ ।

यसरी व्याकरणिक कोटिका विभिन्न पक्षहरुसँग सम्बन्धित विभिन्न प्रकारका प्रश्नहरुका आधारमा विश्लेषण गर्दा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा व्याकरणिक कोटिको प्रयोग क्षमता मध्यम रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरुमा भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुमा तथा छात्रा विद्यार्थीहरुको भन्दा छात्र विद्यार्थीहरुको प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ७.३ उपयोगिता

भाषाका आफ्नै प्रकारका व्यवस्था र विशेषताहरु हुन्छन् । त्यसै गरी नेपाली भाषाका पनि आफ्नै प्रकारका आन्तरिक नियम, व्यवस्था र विशेषताहरु रहेका छन् । व्याकरणले नै भाषालाई व्यवस्थित बनाउँछ । नेपाली भाषालाई स्तरीय, मानक र सम्प्रेषणयुक्त बनाउन व्याकरणिक कोटिको महत्त्वपूर्ण स्थान रहन्छ । व्याकरणिक कोटि सम्बन्धी कार्यकलाप गर्न र यसैसँग सम्बन्धित जानकारी लिन चाहने जो कोही विद्यार्थी, शिक्षक, शिक्षाविद्, अभिभावक, बौद्धिक व्यक्तित्वलाई आदि सबैलाई केही हदसम्म भए पनि यस शोधले सहयोग गर्छ भन्ने विश्वास रहेको छ ।

### ७.३.१ नीतिगत तह

- वर्तमान पाठयक्रम र पाठ्य पुस्तकका आधारमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको क्षमताको स्थिति थाहा पाई सोही आधारमा पाठ्यक्रम, पाठ्य पुस्तक, स्रोत सामग्री र सन्दर्भ सामग्रीको निर्माण गर्ने उपयुक्त नीति निर्माण गर्न उपयोगी हुने छ ।
- विद्यार्थीहरुको समग्र व्याकरणिक कोटिको स्थिति हेरी सोही अनुरूप शिक्षक तालिम सम्बन्धी नीति निर्माण गर्न सहयोग पुऱ्याउने छ ।
- व्याकरणको उपलब्धि स्तर हेरी उपलब्धि वृद्धिका उपायहरु सुझाउन र राज्यबाट उपर्युक्त कार्यक्रम सञ्चालनका लागि नीति निर्माण गर्न सहयोगी बन्ने छ ।
- पाठ्यक्रम र पाठ्य पुस्तकमा कस्ता शब्द र संरचना राख्ने भन्ने कुराहरु नीति निर्माणका माध्यमबाट कार्यान्वयन गर्न प्रस्तुत शोध अध्ययनले सहयोग पुऱ्याउने छ ।

### ७.३.२ व्यावहारिक उपयोगिता

- कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग क्षमता जान्न चाहनेहरुका लागि उपयोगी हुने छ ।
- कक्षा सातका विद्यार्थीहरुको व्याकरणिक कोटिको प्रयोग सम्बन्धी क्षमता पहिचान गर्नका लागि सहयोग पुऱ्याउने छ ।
- सामुदायिक र संस्थागत विद्यालय तथा लैङ्गिकताले भिन्नता ल्याउनुको कारण पत्ता लगाउने शोधकार्य गर्नेहरुका लागि उपयोगी सावित हुने छ ।

- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुका नेपाली व्याकरण क्षमता थाहा पाउन उपयोगी हुने छ ।
- लैङ्गिक आधारमा विद्यार्थीहरुको व्याकरणात्मक कोटि प्रयोग क्षमताको भिन्नता थाहा पाउन उपयोगी हुने छ ।
- व्याकरण क्षमताका बारेमा सैद्धान्तिक ज्ञान ग्रहण गर्न चाहनेहरुका लागि उपयोगी हुने छ ।
- व्याकरण सम्बन्धी अन्य पक्षमा भावी अध्ययन गर्न चाहनेहरुका लागि उपयोगी हुने छ ।
- प्रस्तुत शोध अध्ययनबाट उपयुक्त शिक्षण विधि र सामग्रीको उपयोग गरी व्याकरण शिक्षण गर्ने सुझ शिक्षकहरुलाई प्राप्त हुने छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, प्रकाश (२०६६), *कपिलवस्तु जिल्लामा बोलिने थारु भाषा र नेपाली भाषाको व्याकरण कोटिका आधारमा व्यतिरेकी अध्ययन,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

अधिकारी, हेमाङ्ग राज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०७१), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, प्रकाश (२०६४), *देउखुरीमा बोलिने थारु भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

कुँवर, कुमारी देवकी (२०७०), *व्यासी भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटि विचको तुलनात्मक अध्ययन',* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

खतिवडा, कर्णाखर र अन्य (२०६८), *साधारण नेपाली,* काठमाडौं : चौलानी प्रकाशन ।

खतिवडा, नारायण प्रसाद (२०६४), *माध्यमिक तहको नेपाली पाठ्यक्रममा समावेश गरिएका व्याकरणात्मक अभ्यासहरुको अध्ययन,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं: सनलाइट पब्लिकेशन ।

घिमिरे, नरहरि (२०६६), *कक्षा ९ मा नेपाली व्याकरण शिक्षण गर्दा अपनाइरहेका कार्यकलापहरुको विश्लेषणात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

जोशी, खगराज (२०५७), *डोटेली भाषिका र नेपाली भाषाका व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

जोशी, गिरी प्रसाद (२०६६), *डडेल्धुरेली भाषिका र नेपाली भाषाका व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

ढकाल, ऋषिकेश (२०६८), *अछामी भाषिका र नेपाली भाषाका व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

ढकाल, शान्ति प्रसाद (२०७१), *नेपाली भाषा शिक्षण,* काठमाडौँः शुभकामना प्रकाशन प्रा.लि. ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गा प्रसाद (२०७१), *नेपाली भाषा शिक्षण,* काठमाडौंः एम.के. पब्लिसर्स ।

तिवारी, बुद्धिनाथ (२०६८) *कक्षा एघारौंको सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासहरुको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

दाहाल, नारायण प्रसाद र दाहाल, रोशन (२०६९), *माध्यमिक नेपाली व्याकरण,* काठमाडौँः शुभकामना प्रकाशन प्रा.लि. ।

पोखरेल, माधव प्रसाद (२०५४), *नेपाल वाक्य व्याकरण,* काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, माधव प्रसाद (२०७१), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्‍यार्थी प्रकाशन प्रा.लि. ।

भट्ट, हरि प्रसाद (२०७०), *बैतडेली भाषिका र नपाली भाषाका व्याकरणात्मक कोटिहरुको व्यतिरेकी अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

भट्टराई, रामप्रसाद (२०४३), *प्रमाणपत्र तहमा अध्ययन गर्ने विद्‍यार्थीहरुको नेपाली व्याकरणिक कोटि सम्बन्धी विश्लेषण,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

बन्धु, चुडामणि (२०७१), *अनुसन्धान तथा प्रतिवेद लेखन,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

भण्डारी, पारस मणि र अन्य (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

रोकाया, गोरख बहादुर (२०६७), *वझाङ्गी भाषिका र नेपाली भाषाका व्याकरणकोटिको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

लामिछाने, यादव प्रकाश (२०६६), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहन राज (२०५३), *शब्द रचना र वर्ण विन्यास, वाक्य, तत्त्व र विविध अभिव्यक्ति,* काठमाडौं : नविन प्रकाशन ।

शर्मा, मोहन राज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७०), *नेपाली भाषा शिक्षणका सन्दर्भहरु,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम र अन्य (२०७२), *प्रवेशिका व्याकरण,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।